

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर दैनिक विज्ञापन शाखा

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर

The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १६ ★ ने. सं. ११४६ शिल्ला गा, सप्तमी ★ आइतबार ★ २५ माघ, २०८२ ★ February 8, 2026, Sunday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


## "संसदीय व्यवस्थामा बलियो प्रतिपक्ष हुनुपर्ने संवैधानिक व्यवस्था हो"

भक्तपुर, २४ माघ । नेपाल मजदुर किसान पार्टी ताथली वडा नं. ९ समितिको आयोजनामा शनिबार पार्टीको ५२ औँ स्थापना दिवस मनाइयो ।

पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा भएको उक्त कार्यक्रममा सचिव सुवालले भन्नुभयो, "संसदीय व्यवस्थामा बलियो प्रतिपक्ष हुनुपर्ने संवैधानिक व्यवस्था हो । नेपालमा संवैधानिक परिषद्‌मा प्रमुख प्रतिपक्ष नेता पनि सदस्य हुने व्यवस्था छ । तर, कम्युनिस्ट दाबी गरेकाहरू समेत सिद्धान्तहीन निर्वाचन मोर्चा र सत्ता गठबन्धनमार्फत पुँजीवादी सरकारको भागबन्डामा लागेको तथा प्रमुख प्रतिपक्षको भूमिका प्रभावकारी रूपमा नगरेको प्रस्ट छ ।"

राष्ट्रिय मानव अधिकार आयोगका अनुसार सरकारमा गएका दलहरूले जनताको समस्या समयमै समाधान नगरेको र सम्भावित उपद्रवबारे पूर्वानुमान गर्न नसकेको हुँदा भदौ २३ र २४ गतेको घटना भएको उल्लेख गर्दै उहाँले अमेरिकीहरूले नै एमईडी र आईआरआईजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमार्फत पैसा पठाएर नेपालमा उपद्रव गराइएको उल्लेख गरिसकेका छन् भन्नुभयो ।"

सचिव सुवालले भन्नुभयो, "संसद् नीति, कार्यक्रम, बजेट, विधेयक, सन्धिसम्झौताबारे छलफल हुने थलो हो । शासक दलहरूले सरकार भागबन्डाको थलो बनाए । नेमकिपाका उम्मेदवारहरू देशैभरि जितेको खण्डमा मात्र सुन्दर भविष्य, नयाँ युगको सुरूआत, सुशासन र प्रजातन्त्रको जित हुने ढोका खोल्नेछ ।"

उहाँले अगाडि भन्नुभयो, "यसअघि प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूका दलहरूले निर्वाचन जितेमा देशमा स्थिरता कायम हुनेछैन; भ्रष्टाचार यथावत रहनेछ ।"

कार्यक्रममा नेमकिपा जिल्ला समितिका सचिव पाण्डव सुवाल, चानपा वडा नं. ९ का वडाध्यक्ष गणेश त्यात, समितिका अध्यक्ष राजाराम छुकां र रवीन्द्र बासुकलाले पनि बोल्नुभएको थियो ।

# पद र पैसाको निम्ति राजनीति गर्ने दलहरूको पछाडि जनता लाग्न नहुने



भक्तपुर, २४ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा भनपा १० वडा समितिको आयोजनामा नगरव्यापी प्रगतिशील गीत प्रतियोगिता शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले किसानहरूको हितको लागि गरेको भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलन, मोहियानी हक आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलनबारे जानकारी दिनुभयो ।

सुस्ता बचाउ आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलनहरूमा सहभागी हुने र सङ्घर्ष गर्ने मजदुर किसान कार्यकर्ताहरू यसै स्थानमा भएकाले यस्ता दुःख र पुराना सङ्घर्षका कुराहरू बिर्सनु नहुने उल्लेख गर्दै उहाँले नेमकिपाको स्थापना दिवस मनाउनुको औचित्यताबारे चर्चा गर्नुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुरका पाटीपाटीमा पुस्तकालय, वाचनालय र विद्यालयहरू सञ्चालन गरी जनतालाई शिक्षा दिएर त्यस्ता पाटीमा पढेका विद्यार्थीहरू नै आज शिक्षक भइरहेका छन् ।"

नेपालभरिका जनतालाई नेमकिपाको सिद्धान्त, विचार र सङ्घर्षबारे बताउनुपर्ने उल्लेख गर्दै केन्द्रीय सदस्य गोसाईले सहकारी ठगी गरेर जेल परेका र मुद्दा परेका नयाँ पार्टीका नेताहरू नायक बनाउन लायक नभएको स्पष्ट पार्नुभयो ।

पद र पैसाको निम्ति राजनीति गर्ने पार्टीहरूको पछाडि नलाग्न जनतालाई अनुरोध गर्दै उहाँले देश र जनताको निःस्वार्थ सेवा गर्ने नेमकिपालाई निर्वाचनमा विजय गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।


नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले नेमकिपाको राजनीति कामदार जनताको पक्षमा हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भन्नुभएको छ - 'देश र जनताको सेवाबाहेक हाम्रो कुनै स्वार्थ छैन । हामी अन्तिम दमसम्म इमानदारीपूर्वक देशको निम्ति लड्छौँ ।' यो केवल भनाइ होइन, पार्टीको व्यवहार हो, आदर्श हो ।"

नेपाली भूमि सुस्तामा भारतले सीमा अतिक्रमण गर्दा पहिलो पटक 'भारतीय विस्तारवाद मुर्दावाद, सुस्ता हाम्रै हो' भनी

***बाँकी पृष्ठ ८ मा***

### व्यङ्ग्यचित्र कुनो





जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं।

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, त्यसैले:

- सावधानीपूर्वक सवारीसाधन चलाऔं,
- सवारी चलाउनु पहिले सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारीसाधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा आवश्यकताअनुसार हर्नको प्रयोग गरौं,
- तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- सवारीसाधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सर्वसाधारणमाथिको आक्रमण र दुर्व्यवहारले गाजाको मानवीय अवस्था सङ्कटग्रस्त

संयुक्त राष्ट्रसङ्घ, २४ माघ ( सिन्ह्वा) । गाजाको राफाह सीमा नाका हुँदै फर्किरहेका प्यालेस्टिनीहरूलाई दुर्व्यवहार गरिएको भन्ने विवरणप्रति संयुक्त राष्ट्रसङ्घका मानवीय निकायहरूले गहिरो चिन्ता व्यक्त गरेका छन् । यसैबिच, सर्वसाधारणलाई लक्षित गर्दै भइरहेका इजरायली आक्रमणका कारण मानवीय अवस्था झन् जटिल बन्दै गएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता समन्वय कार्यालयका अनुसार गाजाका सर्वसाधारण बसोबास गर्ने क्षेत्रमा हवाई आक्रमण र गोलाबारी निरन्तर भइरहेको छ, जसका कारण मानवीय क्षति र भौतिक संरचनामा ठूलो नोक्सानी पुगेको छ ।

कार्यालयले बिहीबार इजरायली सेनाले शरणार्थीका लागि स्थापित विद्यालय समूहअन्तर्गत अन्तिम बाँकी रहेको एक विद्यालय पनि ध्वस्त पारेको जनाएको छ । यससँगै सो क्षेत्रका सबै विद्यालय पूर्ण रूपमा नष्ट भएका छन् ।

संयुक्त राष्ट्रसङ्घले सर्वसाधारण तथा सर्वसाधारण संरचनाको सधैँ संरक्षण हुनुपर्ने र तिनलाई कहिल्यै पनि सैन्य गतिविधिका लागि प्रयोग वा लक्षित गर्न नहुने स्पष्ट पारेको छ ।

संयुक्त राष्ट्रसङ्घको विकास कार्यक्रमले बिहीबार इजरायली जाँच चौकीबाट २१ जना फर्किएका व्यक्तिलाई खान युनिसस्थित नासेर अस्पताल पुर्‍याएको जनाएको छ । सोमबारदेखि हालसम्म ९८ जना फर्किएका व्यक्तिलाई त्यहाँ स्वागत गरिएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानव अधिकार कार्यालयले फर्किएका प्यालेस्टिनीहरूमाथि दुर्व्यवहार, अपमान र हिंसाको क्रम देखिएको भन्दै चेतावनी दिएको छ । कार्यालयका अनुसार केही सशस्त्र प्यालेस्टिनी समूहले इजरायली सेनाको समर्थनमा फर्किनेहरूलाई हत्कडी लगाउने, आँखामा पट्टी बाँध्ने, धम्की दिने, शरीर जाँच गर्ने तथा पैसा र निजी सामान लुट्ने गरेका छन् ।

मानव अधिकार कार्यालयले फर्किने क्रममा इजरायली जाँच चौकीमा हिंसा, अपमानजनक सोधपुछ तथा शारीरिक मर्यादा उल्लङ्घन हुने किसिमका जाँच गरिएको विवरण प्राप्त भएको जनाएको छ ।

यी सबै गतिविधिले प्यालेस्टिनीहरूको व्यक्तिगत सुरक्षा, मानवीय मर्यादा तथा यातना र अमानवीय व्यवहारबाट मुक्त रहने अधिकारको गम्भीर उल्लङ्घन गरेको कार्यालयको निष्कर्ष छ ।

मानवीय सहायता समन्वय कार्यालयका अनुसार गाजाभित्र मानवीय सहायता पुर्‍याउन अझै पनि इजरायली अधिकारीहरूसँग समन्वय गर्नुपर्ने अवस्था कायम छ । बिहीबार र शुक्रबार समन्वयका लागि प्रस्ताव गरिएका ११ वटा मानवीय अभियानमध्ये ६ वटा मात्र पूर्ण रूपमा सम्पन्न भएका थिए । बाँकीमध्ये केही अभियान लामो समयसम्म रोकिएपछि आंशिक रूपमा मात्र सफल भएका थिए ।

ती अभियानहरूमा खानेपानी तथा सरसफाइ सामग्री सङ्कलन, इन्धन आपूर्ति, चिकित्सकीय उद्धार, राफाह नाका हुँदै आवतजावत तथा बिरामीहरूलाई नासेर अस्पतालसम्म पुर्‍याउने कार्य समावेश थिए ।

# भनपा वडा नं. ९ मा स्थानीय व्यवसायीहरूको भेला




भक्तपुर, २४ माघ । भक्तपुर नगरपालिकाको च्याम्हासिंह ढोकादेखि पुरानो बजारको मूल सडकको दुवैतिर पसल कबलको माथि पाखा राख्ने विषयमा स्थानीय व्यवसायीहरूको भेला भनपा ९ नं. वडा कार्यालयको आयोजनामा शनिबार सम्पन्न भयो ।

उक्त भेलामा उपप्रमुख रजनी जोशीले नगरको प्राचीन सम्पदाको मर्मलाई ध्यानमा राखेर वर्तमान आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्यले पाखा राख्ने शैली, स्वरूप र सामग्रीमा एकरूपता ल्याउन खोजिएको बताउनुभयो ।


उहाँले भक्तपुरको सभ्यता र संस्कृति संसारकै उत्कृष्ट भएकोमा सबैले प्रशंसा गरिरहेको चर्चा गर्दै आन्तरिक एवं बाह्य पर्यटकहरूका लागि आकर्षक गन्तव्यस्थल बनाउन नगरको पुरानो स्वरूपलाई संरक्षण गर्नु आवश्यक रहेको बताउनुभयो ।

पसल व्यवसायीहरूको भावनाबमोजिम नगरपालिकाले एकनासको पाखा राख्ने निर्णय गरेको उल्लेख गर्दै उहाँले यसले नगरको सौन्दर्य बढाउने विश्वास व्यक्त गर्नुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले विश्व सम्पदा क्षेत्रमा सूचिकृत बस्तीमा बस्न पाउनु सबैको लागि गर्वको विषय भएको चर्चा गर्दै हाम्रो आफ्नो परिचयको रूपमा रहेको मूर्त तथा अमूर्त कला र संस्कृति नयाँ पुस्तामा हस्तान्तरण भइरहेको बताउनुभयो ।

उहाँले आगन्तुकहरू भक्तपुर प्रवेश गर्दा सफा, सुन्दर, शान्त र आकर्षक बनाउन पसल व्यवसायलाई नगरपालिकाको नियमानुसार सभ्य तरिकाले व्यवस्थापन गर्ने, पार्किङ व्यवस्थापन गर्ने तथा ध्वनि प्रदूषणलाई न्यूनीकरण गर्न सबैले प्रयास गर्नुपर्ने बताउनुभयो ।

भेलामा व्यवसायीहरूले नगरको सौन्दर्य बढाउने विषयमा रचनात्मक सल्लाह सुझाव दिनुभयो ।




| क्र.सं | विवरण | आयाम | मोटाई | कैफियत |
|---|---|---|---|---|
| १. | UPVC Roofing Sheet with Double Glass Fiber Mesh Reinforced | 18" | 3mm | Terracotta Brick color |
| २. | Iron Square Pipe | 1"*1" | 2mm | Leaf Brown Paint |
| ३. | Iron Angle | 2"*2" | 5mm | Leaf Brown Paint |
| ४. | Bolts and Washers | 2.5" | 15mm | Leaf Brown Paint |
| ५. | Flat | 1" | 5mm | Leaf Brown Paint |
| ६. | Red Oxide Coat | | One Coat | |
| ७. | Enamel Paint | | One Coat | Leaf Brown Paint |

# न्यायपूर्ण आन्दोलनमा नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने

भक्तपुर, २४ माघ । शुभप्रभात एकल महिला समूहको आयोजनामा शनिबार भेला भयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले व्यक्तित्व विकासमा लैङ्गिक वा सामाजिक विभेद हुन नहुनेमा जोड दिँदै एकल महिलाहरूले पनि सम्मानपूर्वक जिउने र उत्पादनमूलक गतिविधि गर्ने अधिकार रहेको बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई सभ्य र सुसंस्कृत बनाउने पहिलो अभियान आमाबाट सुरु हुने उल्लेख गर्दै सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने, न्यायपूर्ण आन्दोलनमा साथ दिने तथा सामाजिक सद्भाव कायम राख्ने कार्यमा नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जनताको सबैभन्दा नजिकको अभिभावक नगरपालिका हुने भएकोले सबै तह र तप्काका जनताको भावनाबमोजिम भक्तपुर नगरपालिकाले कार्य गर्दै आएको चर्चा गर्दै उहाँले महिलालक्षित सीपमूलक तालिम पाएर धेरै नगरवासी महिलाहरू आत्मनिर्भर बनिरहेको र यसले समाजमा सकारात्मक प्रभाव परेको प्रस्ट पार्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले व्यक्तिगत स्वार्थपूर्तिका लागि गरिने भ्रष्टाचार, नातावाद र अपराध पुँजीवादी व्यवस्थाको दुर्गुण भएको उल्लेख गर्दै समाजवादी व्यवस्थामा हरेक नागरिकलाई शिक्षा, स्वास्थ्य उपचार सेवा, रोजगारलगायतको प्रत्याभूति हुने र सबैले सम्मानपूर्वक जीवन जिउन पाउने बताउनुभयो ।

कार्यपालिका सदस्य छोरीमैयाँ सुजखूले नेपाल मजदुर किसान पार्टीको इतिहासबारे चर्चा गर्दै काम गरिखाने जनताको हितमा र देशको सार्वभौमिकता रक्षाको आन्दोलन गरेको बताउनुभयो ।

समूहका अध्यक्ष दयालक्ष्मी प्रजापतिले समूहमार्फत एकल महिलाहरूको आर्थिक, सामाजिक उन्नतिका लागि गरेका गतिविधिहरूबारे जानकारी दिनुभयो ।

# सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. को अर्धवार्षिक समीक्षा

भक्तपुर, २४ माघ । सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. को आ.व २०८२/८३ को अर्धवार्षिक समीक्षा कार्यक्रम होटल सिटि गाउँ भक्तपुरमा शनिबार सम्पन्न भयो ।

संस्थाका सञ्चालक समिति, लेखा समिति, उपसमिति, पूर्वअध्यक्ष, सल्लाहकार, संस्थाका सदस्य र कर्मचारीहरूको सहभागितामा सञ्चालन भएको उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष कृष्णहरि सैंजुले संस्थाका बारेमा सङ्क्षिप्त जानकारी दिँदै स्वागत मन्तव्य दिनुभयो ।

संस्थाका सचिव सञ्जय जोन्छेले कार्यक्रमको औचित्यमाथि प्रस्ट पार्नुभयो ।

कोषाध्यक्ष जगदीशप्रसाद श्रेष्ठले ऋण लगानीमा जोड दिँदै आगामी दिनमा रु. ८४ करोडको कारोबार गर्ने लक्ष्य रहेको बताउनुभयो ।

संस्थाका व्यवस्थापक रवीन्द्र घिमिरेले आर्थिक कारोबारको विवरण प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी सदस्यहरूबाट आएका सल्लाह सुझाव तथा जिज्ञासामाथि व्यवस्थापक तथा पदाधिकारीले प्रस्ट पार्नुभएको थियो । आगामी दिनमा ऋण लगानी, खराब ऋण व्यवस्थापन, जोखिम ऋण सुरक्षण कोष व्यवस्थापनजस्ता महत्त्वपूर्ण विषयमा जोड दिँदै जाने कार्यक्रमको निष्कर्ष रहेको बताइएको छ ।

कार्यक्रम संस्थाका अध्यक्ष राजाभाइ भेलेको अध्यक्षतामा भएको थियो ।

उक्त कार्यक्रममा नेफ्स्कुनका तालिम अधिकृत सुमनराज घिमिरेले वर्तमान अवस्थामा सहकारीमा देखिएको कानुनी प्रावधानबारे जानकारी दिनुभएको थियो ।

# बाल बचतकर्ताहरूको चित्रकला प्रतियोगिता र पुरस्कार वितरण

भक्तपुर, २४ माघ । भक्तपुर बचत तथा ऋण सहकारी संस्थाअन्तर्गत रहेको ज्येष्ठ तथा बाल सदस्य उपसमितिद्वारा भक्तपुर लायकु दरबारमा आयोजित बाल बचतकर्ताहरूको चित्रकला प्रतियोगिता तथा पुरस्कार वितरण शनिबार एक समारोहबिच सम्पन्न भयो ।

उक्त चित्रकला प्रतियोगिता तथा पुरस्कार वितरण कार्यक्रममा संस्थाका सल्लाहकार विष्णुगोपाल कुसीले नाचगानको राजधानी भनिएको भक्तपुर कलाकारहरूको सहर हो; यहाँ काष्ठकला, धातुकला, मूर्तिकला, प्रस्तरकलाझैँ चित्रकला पनि पहिलेदेखि विकास भएको बताउनुभयो ।

उहाँले चित्र लेख्ने बानी बसाल्दै गएमा चित्रकलामार्फत पनि देश विदेशमा नाम कमाउन सकिने विचार व्यक्त गर्दै स्पेनका विश्व प्रसिद्ध चित्रकार पाब्लो पिकासोले १० सेकेन्डमा तैल चित्र लेखेर नाम र दाम कमाएको प्रसङ्ग उल्लेख गर्नुभयो ।

विद्यार्थी भाइबहिनीहरूले पनि चित्रकलामा निपुण हुन निरन्तर अभ्यास गरिरहनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले चित्रकला पनि इतिहास चिनाउने एक पाटो हो भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष एवम् कार्यक्रमका सभापति बलराम प्रजापतिले आजको प्रयासले भोलि सफलता पाउने विचार व्यक्त गर्दै आज सिकेर भोलि चित्रकार बन्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले आजका बालबालिकाहरू भोलि देश निर्माणका आधार स्तम्भ हुन्; आ-आफ्नो प्रतिभा उजागर गर्न र त्यसलाई परिष्कृत बनाउन आफ्नो सीपलाई निरन्तर अभ्यास गरिरहनुपर्ने बताउनुभयो ।

निर्णायकको भूमिका निर्वाह गर्ने चित्रकार विकास तमखुले चित्र कोर्नु पनि कलाको एक पक्ष हो; आजको प्रयासले भोलिको निम्ति प्रेरणा मिल्ने बताउनुभयो ।

उपसमितिका सदस्य कृष्णसुन्दर प्रजापतिले प्रतियोगिताको आवश्यकताबारे चर्चा गर्नुभयो ।

समारोहमा अतिथि विष्णुगोपाल कुसीले विजयी बालबालिकाहरूलाई प्रमाणपत्र तथा पुरस्कार वितरण गर्नुभयो ।

कक्षा १ देखि ३ सम्म भएको प्रारम्भिक रङ्ग भर्ने प्रतियोगितामा एरिका देशेमरु प्रथम, श्रेणी मानन्धर द्वितीय, सर्विका प्रजापति तृतीय हुनुभएको थियो ।

त्यस्तै, कक्षा ४ देखि ५ सम्मको समूहमा सबरङ्ग ख्याजु, श्रीजा चौगुठी र स्वच्छन किजु क्रमशः प्रथम, द्वितीय र तृतीय हुनुभयो भने कक्षा ६ भन्दा माथिको समूहमा क्यारेलाइन प्रजापति पहिलो, अक्षेन अवाल दोस्रो र आलोक कोजु तेस्रो हुनुभएको थियो ।

प्रतियोगितामा ७२ जनाले भाग लिएका थिए ।

# सिद्धि गणेश साकोसको अर्ध-वार्षिक समीक्षा सम्पन्न

भक्तपुर, २४ माघ । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिको आयोजनामा आ.व. २०८२/०८३ को अर्ध-वार्षिक प्रगति समीक्षा बैठक तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम कमलविनायक-१०, भक्तपुरमा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सम्पत्ति शुद्धीकरण निवारण र संस्थाको लक्ष्य र वर्तमान प्राप्तिबिचको अन्तर केलाएर लक्ष्य प्राप्तिका लागि कार्य योजना बनाउने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

उहाँले संस्थामा ऋण लगानी कम भएको अवस्थामा समयानुसार संस्थाको ऋण नीति परिमार्जन गर्दै साना किस्ताबन्दी ऋणहरुलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

संस्थाका उपाध्यक्ष विष्णुराम दुमरुले देशको वर्तमान आर्थिक परिस्थितिमा संस्थाले स्थिरतालाई प्राथमिकता दिई अघि बढ्नुपर्ने बताउँदै समीक्षा बैठकमा संस्थाका चुनौटीहरुको विस्तृत छलफल हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।




संस्थाका सचिव विष्णुप्रसाद दुमरुले संस्थाको प्रगति विवरण प्रस्तुत गर्दै संस्थाको समिति तथा उपसमितिको आयोजनामा सम्पन्न विभिन्न कार्यक्रमहरुको जानकारी दिँदै माघ ७ गतेको सञ्चालक समितिको निर्णयानुसार हाललाई संस्थाबाट ५० लाख सम्मको किस्ताबन्दी ऋण सुविधा प्रदान गरिने जानकारी दिनुभयो ।

संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक रामप्रसाद लाखाजुले संस्थाको लक्ष्य र कार्य सम्पादनको तुलना गरी लक्ष्य प्राप्तिका लागि समीक्षा बैठक आवश्यक भएको बताउनुभयो ।

अभिमुखीकरण कार्यक्रम सहजीकरण गरेका सहकारी विभागका शाखा अधिकृत तिलकराम पोखरेलले गैरकानुनी तवरले आय गरेको सम्पत्तिलाई कानुनी रूपमा वैध बनाउने प्रक्रिया नै सम्पत्ति शुद्धीकरण गर्नु हो भन्नुभयो ।

संस्थाका व्यवस्थापक शिला गोसाईले संस्थाको तरलता व्यवस्था गर्न र उचित लगानी गर्न माघ १६ गतेदेखि लागु हुने गरी बचत सेवाहरुमा व्याजदर घटाइएको जानकारी दिनुभयो ।

बैठकमा उपस्थित सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभागीय कर्मचारीहरुले संस्थाको सबल र सुधार गर्नुपर्ने विषयहरुको छलफलमा सहभागी भई आवश्यक सुझाव दिइएको थियो ।

# इन्द्रायणी सहकारीको अर्ध-वार्षिक समीक्षा तथा स्वास्थ्य र कृषि तालिम

भक्तपुर, २४ माघ । इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अर्ध-वार्षिक समीक्षा कार्यक्रम विभिन्न रचनात्मक गतिविधिहरूका साथ सम्पन्न भयो ।

संस्थाका सञ्चालक समिति, उपसमिति र संस्थापकहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा संस्थाको ६ महिनाको उपलब्धि, स्वास्थ्य सचेतना र कृषि प्रवर्द्धनका विषयमा घनिभूत छलफल भएको थियो ।

कार्यक्रममा संस्थाका सचिव सत्यनारायण सुवालले ६ महिनाको प्रगति प्रतिवेदन र कोषाध्यक्ष रमेश खर्बुजाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

संस्थापक अध्यक्ष इन्द्र द्योपालाले संस्थाको आधारभूत मूल्य मान्यतामा जोड दिनुभयो ।

सल्लाहकार सत्यनारायण पक्काले समसामयिक मन्तव्य राख्दै राष्ट्रिय सहकारी नियमन प्राधिकरण र सहकारी विभागमा दर्ता हुनुपर्ने कानुनी आवश्यकता र प्रतिवेदनलाई आम सदस्यले बुझ्ने गरी सरल बनाउनुपर्ने सुझाव दिनुभयो ।

संस्थाका अध्यक्ष अञ्जन ज्याख्वाले सामाजिक गतिविधिबारे प्रकाश पार्दै नगरपालिका, कोपोमिस र नियमन प्राधिकरणको दर्ता प्रक्रिया झन्झटिलो रहेको बताउनुभयो । केही व्यक्तिहरूमा सहकारीको सम्पत्ति त हो नि भन्ने खालको व्यक्तिगत स्वार्थको गन्ध आएको प्रति असन्तुष्टि व्यक्त गर्दै उहाँले भन्नुभयो, "सहकारी सबैको साझा सम्पत्ति र विशुद्ध सामाजिक संस्था हो, यसलाई व्यक्तिगत स्वार्थभन्दा माथि राख्नुपर्छ ।"

समीक्षा कार्यक्रमकै बिच डा. शैलेश त्वानाबासुले नसर्ने रोगसम्बन्धी स्वास्थ्य अभिमुखीकरण प्रदान गर्नुभयो । उहाँले रक्तचाप, ग्लुकोज र कोलेस्ट्रोलको नियमित जाँच (Body Servicing) गर्नुपर्ने बताउँदै कोलेस्ट्रोल बढ्नु भनेको धाराको पाइपभित्र खिया जमेजस्तै हो, जसले रगत प्रवाह रोकेर हृदयघात ( Heart Attack) निम्त्याउन सक्छ; त्यसैले औषधि खानु भन्दा नखानुमा बढी हानि छ भन्नुभयो । नेपालमा मृत्युको मुख्य कारण नसर्ने रोग रहेको चर्चा गर्दै उहाँले धूमपान, मद्यपान र अस्वस्थकर जीवनशैली त्यागेर उच्च रक्तचाप, मृगौला फेल र मस्तिष्कघातजस्ता समस्याबाट जोगिन आग्रह गर्नुभयो ।

कृषिविज्ञ रमीन्द्र सुवालले किसान सदस्यहरूका लागि व्यावसायिक प्याज प्रवर्द्धन तालिम दिनुभएको थियो । उक्त तालिममा सहभागी कृषकहरूलाई प्रतिव्यक्ति २ किलो जैविक मल, २ किलो रासायनिक मल र भिटामिन औषधि निःशुल्क वितरण गरिएको थियो ।

## सङ्क्षिप्त समाचार

# लोकेश्वर साकोसको अर्ध-वार्षिक समीक्षा कार्यक्रम

भक्तपुर, २४ माघ । लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि. को आ.व. २०८२/०८३ को अर्ध-वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा साबिक भक्तपुर नपा वडा नं. १५ का पूर्ववडाध्यक्ष एवं संस्थाका संस्थापक सदस्य रवीन्द्र खर्बुजाले जेन-जी अन्दोलनबाट उत्पन्न राजनीतिक अवस्थाको बारेमा चर्चा गर्दै अहिले बनेको कार्की सरकारबाट देशमा सुशासन कायम गर्न नसकेको बताउनुभयो ।

उहाँले सहकारी संस्थाहरूमार्फत देशको राजनीतिक स्थितिसम्बन्धी सदस्यहरूलाई समय-समयमा हुने विविध कार्यक्रममार्फत जनकारी गर्दै लैजानुपर्ने कुरा बताउनुभयो ।

संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभापति राजन जतिले संस्थाले स्थापनाकालदेखि नै विभिन्न गतिविधिहरूको बारेमा विभिन्न कार्यक्रममार्फत जानकारी दिँदै आएको बताउनुभयो । हाल सहकारी संस्था सञ्चालनको लागि सहकारी विभाग, नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय सहकारी नियमन प्राधिकरण र सहकारी विभागलगायत धेरै नियमकीय निकायबाट जारी छुट्टाछुट्टै निर्देशनहरू कार्यान्वयन गर्न एवं सहकारी संस्थाहरूलाई निर्देशन पालनामा दोहोरिने र आपसमा बाझिने समस्याहरू देखिएको कुरा राख्नुभयो ।

कार्यक्रममा संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मीभक्त दुवालले लेखा प्रतिवेदन, सचिव राजु छुकांले अर्ध-वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष पुण्यराम स्वंगमिखाले आर्थिक प्रतिवेदन र विभिन्न उपसमितिबाट आ-आफ्नो प्रगति प्रतिवेदनहरू प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा संस्थाका प्रबन्धक प्रशान्त मानन्धरले पनि बोल्नुभएको थियो ।

# श्रमजीवी साकोसको अर्ध-वार्षिक समीक्षा

भक्तपुर, २४ माघ । श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि. को आ.व. २०८२/०८३ को अर्ध-वार्षिक समीक्षा बैठक शनिबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका सल्लाहकार डा.राजुभाइ त्यातले नेतृत्वकर्ता साहसी हुनुपर्ने र दीर्घकालीन सोच राखी अघि बढ्नुपर्ने कुरामा जोड दिनुभयो । प्रेम र समझदारीबाट जनविश्वास जित्न सक्ने कुरा बताउँदै संस्था अघि बढ्नको लागि व्यक्तिगत आचरण, दृष्टिकोण राम्रो हुनु पर्ने कुरामा जोड दिनुभयो ।

संस्थाका पूर्वअध्यक्ष मदन खाताखोले सहकारी संस्थामा सुशासनलाई अझ जोड दिँदै जानुपर्ने औंल्याउनुका साथै नवनिर्वाचित सञ्चालक पदाधिकारीहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

संस्थाका उपाध्यक्ष लक्ष्मीनारायण कुसाथोले ऋण सम्बन्धमा, संस्थाका सचिव नारायणप्रसाद लागेले अर्ध-वार्षिक गतिविधि, निर्णय र नीतिगत परिमार्जन सम्बन्धमा र संस्थाका कोषाध्यक्ष हरिभक्त हामोले हालसम्मको सदस्य सङ्ख्या ४१८९ जनाको कूल कारोबार रु.८९,३१,१६,२१४ ।- सहितको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

संस्थाका लेखा सुपरिवेक्षण समिति संयोजक सुरेन्द्रप्रसाद दुवालले संस्थाको वित्तीय विश्लेषण गर्नुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष गोविन्दराम त्वानाबासुले समिति, उपसमिति र संस्थापक पदाधिकारीहरूबाट राखिएको जिज्ञासा सम्बन्धमा स्पष्ट पार्दै संस्थाको प्रगतिका विविध पक्षहरूबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा सञ्चालक सदस्य लक्ष्मी खाताखोले पनि बोल्नुभएको थियो ।

# प्रधानसेनापति खुला म्याराथनमा सेनाका रोकाय प्रथम

काठमाडौं, २४ माघ । यस वर्षको 'प्रधानसेनापति खुला म्याराथन प्रतियोगिता' नेपाली सेनाका अमल्दार राजन रोकायले निर्धारित दूरी दुई घण्टा १५ मिनेट ५३ सेकेन्डमा पूरा गरी प्रथम स्थान हासिल गर्नुभएको छ ।

महाशिवरात्रि तथा नेपाली सेना दिवसको अवसरमा आयोजित उक्त प्रतियोगितामा सेनाकै हुँदा खड्गबहादुर खड्काले दोस्रो स्थान प्राप्त गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालले जनाएको छ ।

हाफ म्याराथनमा पुरुषतर्फ सेनाका अमल्दार गजिन्द्र राईले निर्धारित दूरी एक घण्टा चार मिनेट ४५ सेकेन्डमा पूरा गरी प्रथम हुनुभयो । त्यस्तै, महिलातर्फ सन्तोषी श्रेष्ठले निर्धारित दूरी एक घण्टा १४ मिनेट ३१ सेकेन्डमा पूरा गरी प्रथम हुनुभएको निर्देशनालयले जनाएको छ ।

'बलियो एकता, सुरक्षित राष्ट्र' नाराका साथ आयोजित एघारौं संस्करणमा ४२.१९५ किलोमिटर खुला म्याराथन तथा २१ किलोमिटर हाफ म्याराथन महिला र पुरुष दुवै विधा समावेश गरिएको थियो ।

प्रतियोगिताअन्तर्गत १० किलोमिटर दूरीको छात्र तथा छात्रा, सैनिक अधिकृत, सैनिक सहचारी तथा पाँच किलोमिटर दूरीको आधारभूत विद्यालय तहका छात्र/छात्रा र पाँच किलोमिटर वाकाथन विधा समावेश थियो ।

त्यस अवसरमा प्रतियोगिताका विजयी धावकलाई प्रधानसेनापति अशोकराज सिग्देल, पूर्वप्रधानसेनापतिहरू, सैनिक श्रीमती सङ्घकी अध्यक्ष, बलाधिकृत, नेपाल सरकारका सचिव तथा काठमाडौं महानगरपालिका प्रतिनिधिले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो । **रासस**




मधेश प्रदेशमा लालबाबु राउत नेतृत्वको पहिलो सरकारले सुरु गरेको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमअन्तर्गत २७ हजारभन्दा बढी साइकलमध्ये चार हजारभन्दा बढी साइकल जनकपुरधास्थित चुरोट कारखाना (मधेश भवन)को गोदाममा थन्किएका छन् । *तस्बिर : कालोपाटीबाट*

# देशभक्त उम्मेदवारहरूलाई अमूल्य मत दिएर जिताउन आवश्यक

भक्तपुर, २४ माघ । नेपाल मजदुर किसान पार्टी तुमचो, दुगुरे-चोखा एकाइ समितिको आयोजनामा त्यस क्षेत्रका जनताको सहभागितामा ५२ औं पार्टी स्थापना दिवस शुक्रबार मनाइयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नयाँ-पुराना दल र अनुहारका उम्मेदवारहरू विभिन्न आवरणमा भोट माग्न आइरहेको उल्लेख गर्दै समाज, देश बनाउन हिजोदेखि हातेमालो गरेर योगदान दिने देशभक्त उम्मेदवारहरूलाई अमूल्य मत दिएर जिताउन आवश्यक छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "सानो र ठूलो दल होइन, पुरानो र नयाँ अनि उमेर पनि होइन; हामीले विचार र योगदान हेर्नुपर्छ ।"

उहाँले भन्नुभयो, "समाजवाद त्यसै आउँदैन, हामी सबै सङ्गठित भएर सङ्घर्ष गरेर ल्याउने हो ।"

पूर्वशिक्षक राम प्रजापतिले पार्टीका अग्रजहरूको योगदानकै कारण भक्तपुरका किसानहरूको मोहियानी सुरक्षित भई किसानहरूको जीवनस्तरमा परिवर्तन आएको बताउनुभयो ।

भनपा वडा नं. ९ वडा पार्टी एकाइ समितिका अध्यक्ष कृष्णभक्त लवजुले अमूल्य मतलाई खेर फाल्न नहुने र सङ्घर्षले पाएको मतदानको अधिकारलाई पैसासँग तुलना गर्न नमिल्ने बताउनुभयो ।

जेएन प्रजापतिको सभापतित्वमा भएको उक्त भेलामा छोरीमैया सुजखु, मैयालक्ष्मी त्यात र बीआर प्रजापतिले पनि बोल्नुभएको थियो ।

भेलाले जेएन प्रजापतिको संयोजकत्वमा १०१ सदस्यीय तुमचो, दुगुरे चोखा चुनाव परिचालन समिति गठन गरेको छ ।

# मिर्मिरे साकोस टोखाको अर्धवार्षिक कार्यक्रम

काठमाडौं, २४ माघ । मिर्मिरे बचत तथा ऋण सहकारी संस्था लिको आयोजनामा सपनतीर्थ मन्दिर प्राङ्गणमा शनिबार एक समारोहबिच अर्धवार्षिकी कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष राजवीर डंगोलले सहकारीले आफ्नो स्थापनाकालदेखि नै सदस्य सेवाकेन्द्रित भावना राखेर सहकारी सञ्चालन गर्दै आइरहेको विचार राख्नुभयो ।

सहकारीले आर्थिक कारोबारको मात्र गतिविधि नगरिकन सांस्कृतिक, सामाजिक र आर्थिक रुपान्तरणका लागि पनि विशेष भूमिका खेल्नुपर्ने कुरा राख्नुभयो ।

संस्थाका संस्थापक अध्यक्ष शोभालाल श्रेष्ठले संस्था स्थापनाकालदेखि पारदर्शी र सदस्य केन्द्रित रहेको बताउनुभयो ।

बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घका केन्द्रीय सदस्य कृष्णगोविन्द लाखाजुले सरकारले ल्याएको सहकारीसम्बन्धी ऐन कानुन व्यवहारिक नभएकोमा समुदायमा आधारित सहकारीहरूलाई नियमनको नाममा थप समस्या ल्याउन सक्ने कुरा औंल्याउनुभयो ।

नेपाल कानुन अध्ययन समाजका केन्द्रीय अध्यक्ष एवं अधिवक्ता रामप्रसाद प्रजापतिले नेपालको प्रचलित कानुन र देवानीसंहितामा भएका दफा उपदफा र सहकारी ठगी र कसुरसम्बन्धी प्रवधानहरूको बारेमा बताउनुभयो ।

मिर्मिरे बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक अध्यक्ष रवीन्द्र डंगोलको सभापतित्वमा भएको उक्त कार्यक्रममा संस्थाको तर्फबाट कोषाध्यक्ष विक्रम डंगोलले अर्धवार्षिक आर्थिक प्रगति प्रतिवेदन र संस्थाका प्रबन्धक जितेन्द्र डंगोलले प्रशासनिक गतिविधि प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । संस्थाका उपाध्यक्ष सानुबाबु श्रेष्ठ र सचिव शैलेश डंगोलले पनि बोल्नुभएको थियो ।

# अनुपालना अधिकारीको क्षमता विकास तालिम

भक्तपुर, २४ माघ । सङ्घको शिक्षा तथा संस्थागत विकास उपसमितिको आयोजना र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि.को प्राविधिक सहयोगमा एकदिने अनुपालना अधिकारीको क्षमता विकास तालिम रोयल थाई हस्पिटालिटी, राधेराधेमा सम्पन्न भयो ।

तालिम समापन कार्यक्रममा सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले सहकारीलाई जारी निर्देशनहरूको कार्यान्वयन तहसम्म पुग्न र पुर्‍याउन सहकारी अभियान र नियामक निकाय मिलेर अघि बढ्नुको विकल्प नभएको बताउनुभयो । उहाँले सहकारीले गरेका सकारात्मक परिवर्तनलाई संस्थागत गरी सहकारी योगदानको लेखाजोखामा कमजोरीका कारण सहकारीप्रति गलत सन्देश फैलिरहेको बताउनुभयो ।

उहाँले सहकारी संस्थामा ऐन, कानुन, विनियमको परिपालनालाई भन्दा पनि व्यवहारलाई प्राथमिकता दिँदा समस्या बढेको बताउनुभयो । उहाँले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरू राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण समयमै गर्न र सम्पत्ति शुद्धीकरण निवारणका व्यवस्थाहरू प्रभावकारी ढङ्गबाट पालना गर्न अनुरोध गर्नुभयो ।

सङ्घका सचिव कान्छाभक्त घजुले सहभागीहरूलाई धन्यवाद दिँदै सहकारी अभियानको दिगो विकासका लागि सहकारी मैत्री ऐन नियमको पारिपालना गर्नुपर्ने बताउनुभयो ।

सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले कार्यान्वयन अधिकारीलाई कार्यान्वयन अधिकारीको मात्र कार्य विवरण नदिइकन समग्र सहकारीकै कार्यविवरण समेटिँदा कार्यान्वयन अधिकारीको कार्य ओझेलमा पर्न गएको बताउनुभयो ।

उहाँले नेपाललाई ग्रे लिस्टबाट अपग्रेड गर्नको लागि सरकारले विभिन्न नीतिहरू अवलम्बन गर्दै आएको र त्यसको लागि हामीले पनि आफ्नो दायित्व पूरा गरी सहयोग गर्नुपर्ने विचार राख्नुभयो । उहाँले सहकारीमा अनुपालना अधिकारीले मात्र सम्पत्ति शुद्धीकरण निवारणको बारेमा सुसूचित भएर पुग्दैन; सहकारीका सञ्चालक र सदस्यले पनि यस विषयमा तालिम लिनुपर्ने कुरा राख्नुभयो ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि.को कार्यक्रम अधिकृत शौभाग्य भट्टराईले सहजीकरण गर्नुभएको उक्त तालिममा सङ्घमा आबद्ध संस्थाहरूमध्ये ४७ जना अनुपालक अधिकारीहरूको सहभागिता थियो ।

उपसमितिका सदस्य प्रकाश बास्तोलाले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो । सदस्य संस्था जनकल्याण बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक अर्जुनकुमार बस्नेत र चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.का कर्मचारी यमुना फुँयालले अनुपालक अधिकारीहरूको काम, कर्तव्य र अधिकारबारे प्रशिक्षण भएकोमा खुसी व्यक्त गर्नुभयो ।

# आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाउने केन्द्रीय सुरक्षा समितिको निर्णय

काठमाडौं, २४ माघ । केन्द्रीय सुरक्षा समितिको बैठकले जिल्लास्तरमा आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाउने भएको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले सञ्चार सम्पर्क नहुने मतदानस्थलको पहिचान गरी सम्पर्क हुने वैकल्पिक व्यवस्था गर्ने, निर्वाचन आचारसंहिताको उल्लङ्घन हुनेगरी मिथ्या र भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्ने निर्णय भएको छ ।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय रूपमा सम्पन्न गर्ने विषयमा बैठक केन्द्रित रहेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो ।

निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने गरी मिथ्या र भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्ने, निर्वाचनसम्बन्धी सही, भरपर्दो सूचनामा सर्वसाधारणको पहुँच पुर्‍याउने, सामाजिक सञ्जालको दुरुपयोग रोक्न नेपाल प्रहरीको विशेष संयन्त्रलाई सशक्त र जिम्मेवार बनाइने भएको छ ।

**। सम्पादकीय ।**

# प्रजातन्त्र जीवन पद्धति र व्यवहार हो

प्रजातन्त्र र समाजवाद देखाउने दाँत होइन बरु जीवन पद्धति र व्यवहार हो । प्रजातन्त्र भनेको महँगी होइन; प्रशासनिक दमन र अराजकता होइन न त विरोधी पक्षको आवाज नसुन्ने, देश र जनताको लागि गर्नैपर्ने सल्लाह र सुझाव कहिल्यै नसुन्ने मान्यता हो । प्रजातन्त्रको पुनर्स्थापनापछि ठुला दलहरूले पालैपालो सरकारको नेतृत्व गरे । सरकारको नेतृत्व गर्ने दलहरूमा विशेषत: नेका, एमाले र तत्कालीन माओवादी नै हुन् । अहिले सरकारको नेतृत्व गरिसकेका ती नै दलका नेता र उम्मेदवारहरू नेमकिपाले के गर्‍यो भनी जनतामाझ झूटको खेती गर्दै छन्; आफ्नो दलको सरकार बन्यो भने विकासको बाढी ल्याउने फट्याइँ गर्दै छन्; जनतामाझ छलछामको राजनीति गर्दै छन् । दल र दलका उम्मेदवारहरूले आ-आफ्नो दलको सिद्धान्त र विचार बताएर मत लिने कि झूटको खेती गरेर लिने ?

जिल्ला जिल्लाको विकास सरकारको नेतृत्व गरेका दलहरूले गर्ने कि सरकारमा नरहेका, नगएका दलहरूले गर्ने ? सरकारको नेतृत्व गरेका दलका नेताहरूले पो विकास गरेर देखाउनुपर्ने हो; त्यसको दोष सरकारमा नजाने या नगएका दलका नेताहरूलाई लगाएर आफूले किन अर्को गल्ती गर्ने ? प्रजातन्त्रको पुन:स्थापनापछि पनि तल्लोवर्गका जनताको पक्षमा किन ऐन कानुन बनेन, बनाइएन ? सरकारमा नरहेका दल र दलका नेताहरूले त देश र जनताको हितमा काम गर्न र गराउन सुझाव दिने हो; सरकारको ध्यानाकर्षण गर्ने हो; सरकारले देशविरोधी, जनघाती काम गरे सोको खबरदारी गर्ने हो, गलत कार्य र निर्णय नगर्न सरकारलाई सल्लाह सुझाव दिने हो । सरकारले थिचिएका, पिसिएका बहुमत जनताको पक्षमा सरकारले काम गर्नुपर्ने हो । सत्तासीन दलका नेताहरूले जनतामाझ भ्रम छर्न आफ्नो पार्टीको सरकारले गर्नुपर्ने काम सरकारमा नगएका दलका नेताहरूले किन विकास गर्न सकेनन् भनी प्रश्न गर्नु आफ्नो कमजोरी लुकाउने प्रयास हो । आफ्नो गल्ती छोप्न आफ्नो दोष अरुमाथि थोपर्नु के अर्को भूल होइन ?

देशलाई जोगाउन र कामदार जनताको हितको निम्ति काम गर्दै आएको पार्टी नेमकिपा हो । देशलाई सधैँ नेपाल र नेपालीको बनाउन, सार्वभौमसत्ता कायम राख्न, देशलाई विखण्डन र साँगुरो हुनबाट बचाउन सङ्घर्षरत पार्टी नेमकिपा हो । विगतमा शासक दलहरूले नेपाली कामदार जनताको हक हितबारे के काम गरे ? उनीहरू देश र जनताप्रति समर्पित हुनुभन्दा पनि विदेशी इसारामा नाचे; विदेशी पुँजीको पिछलग्गू भए; देशको विकासलाई उचाइमा पुर्‍याउनुभन्दा अधोगतितर्फ ढल्के । तर, जनताबाट निर्वाचित नेमकिपाका प्रतिनिधिहरूले देश र जनताको व्यापक हितमा नीति, कार्यक्रम र विधेयक निर्माण गर्ने एवं कामदार जनताको पक्षमा विधेयक, ऐन, कानुन पारित गराउन लागिपरे; सदन र सडकमा सङ्घर्ष गरे । देशघाती सन्धि सम्झौता रोक्न र सो पारित नगराउन सङ्घर्ष गर्ने दल नेमकिपा हो; नेमकिपाका निर्वाचित सांसदहरू हुन् । नेमकिपाका निर्वाचित सांसदहरूले जसरी विगतमा बाटोघाटो, शिक्षा, स्वास्थ्य, रोजगारी दिन उद्योगधन्दा, शिशुशाला, बाल उद्यान र ज्येष्ठ नागरिकहरूको लागि सेवा गर्न आदर निकेतनको बन्दोबस्तका निम्ति सङ्घर्ष गरे, अहिले पनि त्यसरी नै सङ्घर्ष गर्नेछन् ।

देशमा विदेशी पुँजीको प्रभाव बढेको कारण या भारतीय एकाधिकार पुँजीको कारण आर्थिक सङ्कट निम्तिएको हो । देशको अर्थतन्त्र विदेशीको हातमा गएको हो । यही कारण देशमा राजनीतिक अपराधीमात्र होइन आर्थिक अपराधीहरू बढ्न थालेका छन् । घुसखोरी, भ्रष्टाचारी, कमिसनखोर, अपराधी र अनियमित गर्नेहरूको सङ्ख्या बढ्दै छ । यिनीहरूमाथि कारबाही नभएको कारण बेथिति या समस्या बढ्दै गएको हो । नेपाली सम्पत्ति र पुँजीलाई विदेशमा लान नपाउने ऐन कानुन बनाउनु आवश्यक छ । देशको पुँजी देशकै विकासमा लगाउन सरकारले नीति तयार गर्नुपर्छ । विदेशी पुँजीलाई प्रोत्साहन गर्ने तर राष्ट्रिय पुँजीपतिवर्गलाई उत्साहित नगर्ने सरकारी प्रवृत्तिको निन्दा र विरोध गर्नुपर्छ । देशी र विदेशी खाद्यवस्तु, औषधि र अन्य उपभोग सामानमा मिसावट, गुणस्तरहीनका कारण जनताको स्वास्थ्यमा नकारात्मक असर पर्ने हुँदा सोको रोकथामको निम्ति विदेशी वस्तु देशभित्रको बजार पुग्नुभन्दा पहिले भन्सारमै ती वस्तुको प्रयोगशालामा परीक्षणपछि नेपाली बजारमा पुर्‍याउने काम गर्नुपर्छ । नेमकिपाले जनताका यस्तै सवाल र विषयमा सदनमा आवाज बुलन्द गर्दै आएको छ; गर्दै जानेछ । मिसावट गर्ने कम्पनी या खाद्यान्न उत्पादनलाई कसुरअनुसारको सजाय दिलाउने या क्षतिपूर्ति दिने काम गराउनुपर्छ । यसकारण, प्रतिनिधिसभामा नेमकिपा जरुरी छ ।

# शासक दलहरू निर्वाचन घोषणापत्रलाई किन बेवास्ता गर्छन् ?

✍ **विवेक**

प्रतिनिधिसभाको निर्वाचन फागुन २१ गते आउन अब धेरै दिन बाँकी छैन । दलका नेता कार्यकर्ताहरू निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न चोक, गाउँ र नगर जताततै निर्वाचन प्रचारमा व्यस्त छन् । कतिपय दलका नेता कार्यकर्ताहरू असम्भव सपना बाँडेर जनतालाई फेरि एक पटक मूर्ख बनाउने प्रयास गरिरहेका दृश्यहरू पनि देखिँदै छन् । विगतको निर्वाचनमा तराईका युवाहरूलाई आकर्षित गर्न तत्कालीन एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले रौतहटको एक सभामा 'बिना धैवा फ्रि भिसा र फ्रि पासपोर्ट' वितरण गर्ने बताएका थिए । त्यो सामाजिक सञ्जालमा निकै चर्चाको विषय बनेको थियो । युवाहरूलाई स्वदेशमै रोजगारी दिनुपर्नेमा विदेश जान उत्साहित गरेको भनेर त्यसको चर्को आलोचना पनि भयो र नेपालप्रति विश्वास घट्ने कारण बन्यो । त्यही कुरा अहिले भावी प्रधानमन्त्रीको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट उम्मेदवार बनेका बालेन्द्र साहले पनि बोल्दै छन् । त्यसलाई तराईका युवाहरूले वाहवाह गरिरहेका छन् भने बालेन पनि नेपालकै पद चिह्नमा हिँडेको टिप्पणी भइरहेको छ । रौतहटका उम्मेदवार ऋषि धमला बोल्दै छन्, "निर्वाचित भएको १ वर्षमा रौतहटका सुकुमवासी समस्या समाधान गर्छु ।" कुनै सिद्धान्त र विचारबिनाको यस्ता हावादारी गफ दिनेहरूको पछि जनता लागेसम्म देशको विकास सम्भव छैन ।

संसदीय व्यवस्थामा दलको मुख्य भूमिका हुन्छ । राजनैतिक दल सरकारमा गएपछि के गर्ने हो, त्यो घोषणापत्रमार्फत सार्वजनिक गर्नुपर्छ । आगामी निर्वाचनको लागि दलहरू घोषणापत्र लेख्नमा व्यस्त छन् । दलहरूले घोषणापत्र जारी गर्ने र घोषणापत्रको आधारमा पार्टीलाई भोट दिने संसदीय मान्यता हो । त्यसैले निर्वाचनलाई घोषणापत्रको लडाइँ पनि भनिन्छ । तर, नेपालमा २०४६ सालपछि धेरै पटक निर्वाचनहरू भए । ती सबै निर्वाचनमा सबैजसो पार्टीले घोषणापत्र जारी गरेका छन् । जनताबिच भोट माग्ने बेलामा घोषणापत्र वितरण गरिन्छ तर न जनताले घोषणापत्र पढेर भोट दिन्छन् न निर्वाचित भएका उम्मेदवार वा दलले घोषणापत्रअनुसार काम गर्ने जिम्मेवारीबोध गर्छन् । निर्वाचन घोषणापत्र एक औपचारिकतामा सीमित भएको छ ।

वास्तवमा निर्वाचन घोषणापत्र जनताबिच गरिएको प्रतिबद्धता वा प्रतिज्ञा हो । निर्वाचित जनप्रतिनिधि र दलको लागि काम गर्ने त्यो एक मार्गचित्र पनि हो । करोडौँ खर्च गरेर, गुण्डा र प्रशासनको प्रयोग गरेर वा विभिन्न प्रलोभनहरू देखाएर निर्वाचित हुनेहरूको लागि पार्टी घोषणापत्रले महत्त्व नपाउनु स्वाभाविक हो तर जनता सचेत भएको भए त्यस्ता आश्वासन दिने र घोषणापत्रअनुसार काम नगर्ने दलका नेता कार्यकर्ताहरूलाई हाकाहाकी कारबाही गर्न पछि पर्दैनन् ।

२०७९ सालको संसदीय निर्वाचनमा शासक दलहरूले जारी गरेको घोषणापत्र अध्ययन गर्ने हो भने दलहरूले जनतालाई झुक्याएको प्रस्ट हुन्छ । नेका र माओवादीबिच गठबन्धन गरेर चुनाव लड्यो । निर्वाचनको परिणामपछि नेका र माओवादीबिच प्रधानमन्त्रीमा सहमति हुन सकेन । त्यसपछि माओवादी र एमालेको गठबन्धन सरकार बन्यो । एउटा दलसँग मिलेर जनतासँग भोट माग्ने अर्को दलसँग अनैतिक गठबन्धन गरेर उनीहरूले सरकार बनाउनेजस्ता अनैतिक काम गरे ।

त्यतिबेला एमालेले लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटिएको नक्साबमोजिम जग्गा फिर्ताको लागि कूटनीतिक पहल गर्ने, स्थानीय तहलाई सेवा प्रवाहको केन्द्र बनाउने, न्यूनतम मासिक ज्याला २५ हजार पुर्‍याउने, २ वर्षभित्र देशलाई पूर्ण साक्षर बनाउने, सबै पालिकामा प्राविधिक शिक्षा पुर्‍याउनेलगायतका प्रतिबद्धता घोषणापत्रमार्फत गरेको थियो । ओली नेतृत्वमा नेकासमेतको गठबन्धन सरकार १ वर्षभन्दा बढी समय चल्यो । संसद्को सबभन्दा ठुलो दल नेका र दोस्रो दल एमालेबिच गठबन्धन सरकार गठनबारे प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत भएको भनेर चर्को आलोचना भयो तर ती दलहरूले त्यसलाई कुनै ध्यान दिएनन् । त्यो सरकारले न त एमालेको घोषणापत्रबमोजिम कुनै काम गर्न सक्यो न नेकाको घोषणापत्र कार्यान्वयन नै गर्‍यो ।

नेकाले पनि ३ वर्षमुनिका बालबालिका र ७३ वर्ष माथिका वृद्धवृद्धाको उपचार नि:शुल्क गर्ने, सबै महिलालाई श्यानिटरी प्याड नि:शुल्क वितरण गर्ने, कक्षा १२ सम्म नि:शुल्क गर्ने, ५ वर्षमा सबै विद्यालयमा गुणस्तरीय इन्टरनेट सेवा व्यवस्था गर्ने, मा.वि. तहसम्म ४० प्रतिशत प्राविधिक शिक्षा पुर्‍याउने घोषणापत्रमा उल्लेख गर्‍यो । एमाले नेतृत्वको सरकार भए पनि मुख्य साझेदार नेका नै थियो । नेकाका धेरै सांसदहरू मन्त्री बने पनि आफ्नो पार्टीको घोषणापत्र कार्यान्वयनतर्फ कसैले ध्यान दिएनन् । चुनावी घोषणापत्रमा लेखिएका विषयहरू कार्यान्वयनतिर लागेको भए जनतामा यति धेरै शासक दलहरूप्रति असन्तोष र आक्रोश बढ्ने थिएन ।

निर्वाचनको बेला जनताको घर घरमा पुग्ने नेता कार्यकर्ताहरू निर्वाचन जितेपछि गाउँ नफर्किने व्यवहारप्रति पनि जनताको असन्तुष्टि थियो । नेताहरू चुनावपछि अर्को चुनावमा मात्र भेट भएको बताउने जनता ग्रामीण क्षेत्रमा धेरै भेटिन्छन् । त्यसको मुख्य कारण सांसद भएपछि नेताहरू काठमाडौँमै घर बनाएर बस्नु र निर्वाचन क्षेत्रमा नपुग्नु हो । निर्वाचनको बेला पार्टीमा ठुलो रकम चन्दा दिएर होस् वा धम्क्याएर, घुर्क्याएर उम्मेदवारको टिकट हात पार्ने, टिकट पाएपछि भोज खुवाएर, पैसा बाँडेर वा डर त्रास देखाएर जसरी पनि जित्ने र जितिसकेपछि सरकारमा जानका लागि मरिमेट्ने तथा सबभन्दा बढी बजेट भएको मन्त्रालय पाउन अनेकौँ दाउपेच गर्ने पुँजीवादी पार्टीहरूको प्रवृत्ति नै भएको छ । यस्ता अनैतिक र अमर्यादित व्यवहारले जनता शासक दलका नेता कार्यकर्तादेखि चिढिएका हुन् ।

जस्तोसुकै गाली गलौज, आलोचना र विरोध भए पनि जनताले नेका र एमालेकै पक्षमा साथ दिन बाध्य हुन्छन् भन्ने नेताहरूको सोच यो पटक गलत साबित भयो । नेका र एमालेको संयुक्त सरकार 'तोप पड्काए पनि ढल्दैन' भनेर केपी ओलीले भाषण गरेको केही दिनपछि नै युवा पुस्ताको प्रदर्शनले दुई दिनमै ढालिदियो । समय नेका र एमालेले सोचे जस्तो छैन भन्ने त्यो एक उदाहरण हो । आफूलाई हात्तीसँग तुलना गर्ने र अरू सबैलाई भुसुना सम्झने नेताहरूको लागि युवाहरूको आन्दोलनले गतिलो जवाफ दियो । यसबाट पनि शिक्षा लिन सकिएन भने नेका र एमालेले थप सङ्कटको सामना गर्नुपर्ने अवस्था आउन सक्छ ।

नेपाल मजदुर किसान पार्टीले जनतालाई राजनीतिक रूपले सचेत पार्ने उद्देश्यले निर्वाचनलाई उपयोग गर्दै आएको छ । पार्टीले निर्वाचन घोषणापत्रमार्फत प्रतिबद्धता जाहेर गरेका कामहरू प्रभावकारी ढङ्गले गर्दै आएको छ । २०७९ सालको घोषणापत्रमा निर्वाचित प्रतिनिधिले प्रखर प्रतिपक्षको भूमिका निर्वाह गरी प्रजातन्त्र र जनअधिकारको रक्षा गर्ने उल्लेख भएबमोजिम निर्वाचित सांसद प्रेम सुवालले त्यही काम गर्नुभयो । एक पटक संसद्मा रहेका सबै दलहरू सरकारमा सामेल भए तर नेमकिपा भने प्रतिपक्षमा बसिरह्यो । कानुनबमोजिम नेमकिपा संसद्को प्रमुख प्रतिपक्ष नै हुन पुग्यो तर सरकारले पूर्वाग्रही भावना राखेर प्रमुख प्रतिपक्ष घोषणा गरेन । नेमकिपाले त्यो दाबी सुविधा पाउनको लागि गरेको थिएन, संविधानले प्रदान गरेको हक थियो ।

नेमकिपाको घोषणापत्रमा एमसीसी सम्झौता, एसपीपीजस्ता सैनिक साझेदारी खारेज गराउन, विदेशीले नागरिकता पाउने देशघाती नागरिकता ऐनका प्रावधानहरू खारेज गराउन, ख्वप विश्वविद्यालय विधेयक पारित गराउन, मावि तहसम्मको शिक्षा अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गराउन आवाज उठाउने विषय उल्लेख थियो । त्यहीअनुसार संसद्को हरेक बैठकमा उपस्थित भएर पार्टी घोषणापत्रमा उल्लिखित ती विषयहरूलाई सांसद सुवालले उठाइरहनुभयो ।

त्यसैगरी प्रदेशस्तरीय विश्वविद्यालय र अस्पताल निर्माण गर्न, कृषिमा आत्मनिर्भर बनाउन, जमीन जोत्नेको सिद्धान्तको आधारमा क्रान्तिकारी भूमिसुधार लागु गर्न र रासायनिक मल कारखाना खोल्न, प्राकृतिक स्रोत र सम्पदा तथा सांस्कृतिक सम्पदा संरक्षण गर्न, स्वास्थ्य सेवा नि:शुल्क र सुलभ बनाउन आवाज उठाउने पार्टी घोषणापत्रमा उल्लिखित विषयहरू कार्यान्वयनको लागि पार्टीबाट निर्वाचित सांसदहरूले इमानदारीपूर्वक काम गर्नुभयो ।

विघटित संसद्मा धेरै पार्टीहरू थिए । नेमकिपाबाहेक अन्य जुनसुकै नाउँका पार्टीहरूले सरकारमा जानेबाहेक केही सोचेनन् । उनीहरूले पार्टीको सिद्धान्त, विचार तथा नैतिकता कुन चराको नाउँ जस्तो बनाए । जुनसुकै पार्टीसँग मिलेर जस्तोसुकै गठबन्धन गर्ने पार्टीहरूकै कारण भोट हाल्ने जनतामा राजनीतिप्रति नै वितृष्णा जाग्यो । परिणाम अहिले जनतामा नयाँ पार्टीलाई हेर्ने भन्ने भावनाको विकास भएको छ । नयाँ राम्रो भएर होइन कि शासक दलहरूलाई पटक पटक मौका दिँदा पनि राम्रो काम नगरेकोले दण्ड दिने भावनाले त्यो सोच अगाडि बढेको देखिन्छ ।

२०६४ सालमा माओवादी पहिलो पटक निर्वाचनमा भाग लिँदा देशभरि नै माओवादीमय भएको थियो । माओवादी नेतृत्वमा पटक पटक सरकार गठन भयो । हरेक सरकारमा माओवादीको सहभागिता थियो तर जनताको भावना र निर्वाचनको बेला गरेका बाचाहरू माओवादीले पूरा गर्न सकेन । माओवादी नेताहरू नै विभिन्न प्रलोभनमा पार्टी छोडेर अन्य पार्टीतर्फ लागे, कति त विभिन्न फौजदारी मुद्दामा जेलमा छन् । यसले जनतामा निराशा छायो ।

२०७९ सालको निर्वाचन घोषणापत्रमा माओवादीले पनि २०४७ साल यताका सबै उच्चपदस्थ पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्ने, मावि तहदेखि गणित, विज्ञान प्रविधि अनिवार्य गर्नेजस्ता बाचा गरेका थिए । माओवादी नेतृत्वको सरकारले वर्षौंसम्म पनि सम्पत्ति छानबिनको कुनै प्रसङ्ग नै उठाएन । छानबिन आयोग गठन गर्‍यो भने अन्य नेताहरूसँगै माओवादी नेताहरू पनि जेल जाने निश्चित थियो । १० वर्ष सशस्त्र सङ्घर्ष गरेर आएका माओवादी नेताहरू सरकारमा गएको केही वर्षमै करोडपति र अर्बपति भएको सबैले देखे । माओवादीप्रति जनताको विश्वास घट्नुको कारण नेताहरूको जीवनस्तरमा आएको अप्रत्यासित परिवर्तन हो ।

अहिले स्वतन्त्र भनेर प्रचारमा आएका पार्टीहरूमा न कुनै विचार र सिद्धान्त प्रस्ट छ न उनीहरूसँग देशलाई अगाडि बढाउने मार्गचित्र नै छ । विदेशी पैसाबाट सञ्चालन हुने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका सञ्चालकहरू नै धेरै ठाउँमा उम्मेदवार बन्दै छन् । उनीहरू जितेर आएको खण्डमा मालिकले जे चाहन्छ नेपालमा त्यही हुनेछ । के नेपाली जनताले त्यस्तै नेतृत्व खोजेका हुन् ?

मान्छेको भिड पछि लाग्दैमा त्यो सही वा सत्य हुन्छ भन्ने होइन । विचार र सिद्धान्तमा सही हुनुपर्छ । त्यसको आधारमा नेतृत्व गर्ने नेताहरू इमानदार, देश र जनताप्रति बफादार हुनुपर्छ । त्यसले देश र समाजलाई अगाडि बढाउँछ । व्यापक जनता सचेत र सङ्गठित नभएसम्म त्यस्ता पार्टीहरू आकारमा सानो पनि हुनसक्छ तर अनुकूल वातावरण भएमा त्यसले फल्ने र फुल्ने मौका पाउँछ र तीव्रगतिमा विकास हुनेछ ।

अहिले थुप्रै कलाकारहरू, सङ्गीतकारहरू, नाटककारहरू निर्वाचनको मैदानमा उत्रेका छन् । देश र जनताको सेवा गर्ने स्पष्ट विचारधाराका साथ आएको भए त्यो धेरै राम्रो कुरा हो । संसद् नयाँ नयाँ कानुन निर्माण गर्ने बौद्धिक अभ्यास गर्ने ठाउँ हो । अहिले चर्चामा आएका उम्मेदवारहरू जितेको खण्डमा कतै संसद् गीत, सङ्गीत वा नाटक गर्ने रङ्गमञ्च वा क्लवमा परिणत हुने त होइन ? जनताको मनमा चिन्ता र शङ्का व्याप्त छ ।

# तिब्बतमा फोहोरी खेल

● लान मोरिसन (Lan Morrison), पेइचिङ

१८ वर्षका चेन जिया (Chen Jia) को पनि अरु युवतीहरूको जस्तै इच्छा र आकाङ्क्षाहरू थिए र उनी बिहे गर्ने र बच्चा पाउने आफ्नो भविष्य हेर्दै थिइन् । अब यी सबै हुनसक्दैन किनभने चेन जिया यो संसारमै रहिनन् ।

तिब्बतको राजधानी ल्हासामा गत १ चैत २०६४ (१४ मार्च) को दिन भएको दङ्गामा चेन जियाको हत्या भयो । प्रदर्शनमा कम्तीमा १८ जनाको मृत्यु भएकोमा चेन र उनका चार सहकर्मीहरूको काम गर्ने पसलमा लगाइएको आगोमा जलेर मृत्यु भएको थियो ।

तर, पश्चिमी देशका टीभी, समाचार, वेभसाइट वा पुँजीवादी पत्रिकाहरू पल्टाउनुभयो भने तपाईंले चेन र उनका चार साथीहरूको मृत्युको खबर वा अरुहरूको हत्या वा गम्भीर घाइते जस्ता समाचारहरू पाउनुहुन्न । यसको सट्टा तपाईंले 'तिब्बती देशभक्तहरू' चिनियाँ दमनविरुद्ध साहसपूर्वक उठे र चिनियाँ सैनिकको आक्रमणको विरोध गरेको जस्ता समाचारहरूमात्र पढ्न, हेर्न र सुन्न पाउनुहुनेछ ।

सीएनएन (CNN), वासिङगटन पोस्ट ( The Washington Post) र बीबीसी ( BBC) जस्ता प्रमुख पश्चिमी सञ्चारमाध्यमले योजनाबद्ध रूपमा जानाजान प्रदर्शनका फोटाहरू बढाइचढाइ गरी गलत समाचारहरू फलाकिरहेका छन् । यहाँ केही उदाहरणहरू छन् - सीएनएन ( CNN) ले चिनियाँ सैनिक ट्रकहरूको काँटछाँट गरिएको फोटो, प्रदर्शनकारीहरूको भीडले ट्रकमा ढुङ्गा हानिरहेको चित्रको आधा फोटो देखाएको छ ।

वासिङटन पोस्ट (The Washington Post), जर्मनीका N-TN, RTJ TV र बिल्ड (Bild) समाचारपत्र सबैले चिनियाँ प्रहरी भनेर काठमाडौंमा तिब्बती प्रदर्शनकारीहरू र नेपाली प्रहरीबिच भएको भिडन्तको फोटो राखेका छन् - बीबीसी (BBC) समाचार वेभसाइटमा 'ल्हासामा ठुलो सैनिक उपस्थिति' भन्ने शीर्षक दिएर फोटो राखेको छ तर सो फोटोमा स्पष्ट रूपमा एउटा रेडक्रसको चिह्न भएको एम्बुलेन्स देखिन्छ ।

चीनमा स्थिति ठीक उल्टो छ । ल्हासामा के भएको थियो र यसको पछाडि को छ भन्ने कुरा सञ्चारमाध्यमलाई स्पष्ट थाहा छ । यसले बुद्ध धर्मावलम्बी भिक्षुहरूलगायतको हिंसात्मक प्रदर्शनकारीहरूको भीडले सहरलाई ध्वस्त पारेको र दिउँसै बाटोमा आएका जोकोही व्यक्तिलाई कुटेको देखाएको छ ।

वास्तवमा 'प्रदर्शनकारी' को जत्थाले व्यापक रूपमा जोकोही हान जाति वा मुसलमान देखिएकालाई संहार गर्ने ढङ्गले लठ्ठी र फलामको डण्डीले हानेको देखिन्छ ।

१९ वर्षे जोन केनउड (John Kenwood) क्यानाडाबाट १० दिन ल्हासामा बसेका थिए । उनले कम्तीमा ५ जना मानिसमाथि आक्रमण गरिएको र मोटरसाइकलका मानिसलाई मरणासन्न हुने गरी कुटिएको देखेको बताए ।

"तिनीहरूले उनलाई ठुलो ढुङ्गाले टाउकोमा हाने । उनी भुइँमा लडे र हिँड्न सकेनन् ।"




प्रदर्शनकारीहरूले घर र २१४ वटा पसलहरूलगायत ३०० ठाउँभन्दा बढीमा आगो लगाए । ५६ वटा सवारीसाधनमा आगो लगाएर ध्वस्त पारे तथा कार्यालय, बैङ्क, अस्पताल, पसल, सरकारी कार्यालय र सञ्चार कार्यालयहरूमा आक्रमण गरे ।

अमेरिकी समाचारपत्र 'विश्वका कामदार' (Workers World) को १९ मार्चको अङ्कमा तिब्बतमा भएका घटनाको ठुलो तयारी पहिले नै रहेको विस्तृत कुरा उल्लेख छ । गत जूनमा भारतको नयाँदिल्लीमा 'तिब्बतका साथीहरू' ( Friends of Tibet) को सम्मेलन भएको थियो । यसलाई तिब्बतबाट भगाइएका तिब्बती शरणार्थीहरूको सम्मेलन भनिएको थियो ।

त्यसबेला 'ओलम्पिक खेलले तिब्बतीहरूलाई बाहिर आउन र प्रदर्शन गर्न कसरी एक मौका दिनसक्छ' भन्ने कुरा सम्मेलनमा छलफल भएको कुरा फ्युल डट कम (Phayul.com) ले बताएको छ । अब हुन गइरहेको पेइचिङ ओलम्पिकलाई लक्षित गरी भारतबाट तिब्बतसम्म जुलुस गर्ने र तिब्बतलगायत विश्वका सबै ठाउँमा प्रदर्शन गर्न आह्वान गरिएको थियो ।

भारतमा बनेको सो सङ्गठनले जनवरीमा जारी गरेको निर्देशनअनुरूप नै तिब्बतमा हुलदङ्गा भड्काइएको हो । २५ जनवरीको प्रेसित समाचारअनुसार २००८ पेइचिङ ओलम्पिकलाई लक्षित गरी 'तिब्बती जनताको उठेको आन्दोलन' (Tibetan People's Uprising Movement) जनवरी ४ मा गठन भएको थियो । १० मार्चमा आन्दोलन सुरु गर्ने मिति तोकिएको थियो ।

त्यसबेला भारतका लागि अमेरिकी राजदूत डेभिड मलफोर्ड (David Mulford) ले दलाई लामालाई भारतको धर्मशालामा भेटेका थिए । गत नोभेम्बर महिनामा अमेरिकाका राज्य सचिव (Undersecretary of state) पाउला डोबरियन्स्की (Paula Dobriansky) ले धर्मशालामा यस्तै भेट गरेका थिए । डोबरियन्स्की नयाँ अमेरिकी शताब्दीका लागि नव-रुढीवादी संस्था (Neo-conservative Project) का सदस्य हुन् । पूर्वी युरोपमा 'रङ्ग क्रान्ति' ( Colour Revolution) भनिएको प्रतिक्रान्तिमा पनि उनी संलग्न थिइन् ।

चीनको राष्ट्रिय जनप्रतिनिधिसभाका पूर्वउपाध्यक्ष, तिब्बती कम्युनिस्ट नेता रेग्डी ( Regdi) ले परिस्थितिको राम्रो निचोड निकाल्दै भने, "तिब्बत स्वायत्त क्षेत्रमा ढिलो वा चाँडो प्रदर्शन हुने नै छ । १९५९ को असफल विद्रोहदेखि यस्तो हिंसात्मक श्रृङ्खलाहरू दोहोरिएका छन् ।"

"केही पश्चिमी सञ्चारमाध्यम र राजनीतिज्ञहरूले सत्यतथ्यलाई योजनाबद्ध रूपमा बङ्ग्याउने र दुष्ट्याइपूर्वक ठुलो अपराधलाई पनि शान्तिपूर्ण प्रदर्शन भनेर बयान गर्ने गर्दछन् । त्यस्तै, सामाजिक स्थिरता कायम राख्न गरिएका हाम्रा कानुनी कार्यलाई हिंसात्मक कार्य भनेर बद्ख्वाइँ गरिएको छ," रेग्डीले बताए ।

तिब्बतमा सामाजिक स्थिरता र समृद्धि दलाई लामा र उनका अनुयायीहरूको लागि आँखाको कसिङ्गर हो । माथिल्लो वर्गका प्रतिनिधिहरू १९५१ को शान्तिपूर्ण मुक्ति वा तिब्बतीहरू आफ्नो राज्यको वास्तविक मालिक बनेको हेर्न चाहँदैनथे ।

*[Dirty work in Tibet–The New Worker, 28 Mar Q8]*

***प्रस्तुति : निभा***

***स्रोत : तिब्बत : उपद्रव र यथार्थ***

# तिब्बतीहरू नै हुलदङ्गाको शिकार

● उ चियाओ (WU Jiao)

तिब्बतका एक उच्च अधिकारीले जातीय एकतालाई भड्काउने किसिमले ल्हासामा भएको हुलदङ्गा हान बासिन्दाहरू (Han resident) प्रति लक्षित रहेको भन्ने गलत सोचाइलाई खण्डन गरे ।

चैतको तेस्रो हप्तातिरको हुलदङ्गामा स्वायत्त प्रदेश तिब्बतका उपाध्यक्ष पाइमा चिलेन (Baema Chilain) ले तिब्बतीहरू पनि शिकार भएको बताए ।

मारिएका १८ जना निर्दोष मानिसमध्ये तीनजना तिब्बतीहरू थिए र व्यापारिक केन्द्रमा भएको लुटपाट र आगजनीमा तिब्बतीहरूको र हुई (Hui) जनताका पसलहरू पनि लुटिएको र आगजनी भएको थियो ।

तिब्बत प्रदेशको ९० प्रतिशत जनसङ्ख्या तिब्बतीहरू भए पनि अन्य २० जातीय समूहहरूको सुरक्षा गर्न सरकार बाध्य भएको पाइमा चिलेनले बताए ।

तीनदिने ल्हासा भ्रमणको क्रममा विदेशी पत्रकारहरूलगायतका सञ्चारमाध्यमसँगको अन्तर्वार्तामा उनले सो कुरा बताए । तीनदिने भ्रमणमा उनले दङ्गा पीडित, पुलिस अधिकारी तथा शङ्कास्पद अपराधीहरूसँग भेट गरेका थिए ।

केही दङ्गाकारीहरूमध्ये अधिकांश तिब्बती र थोरै हान जातिका मानिसहरूले आफूहरूलाई लुट्न र आगो लगाउन बाध्य पारिएको बताए ।

"मलाई केही अपरिचित व्यक्तिहरूले धम्की दिए तथा हुलदङ्गामा भाग लिन बाध्य पारे । मैले सान्है दुःखको अनुभव गरेँ तथा म पीडितहरूसँग क्षमा माग्न चाहन्छु" - २५ वर्षको तैन्डर ( Dainder) ले भन्यो ।

पाइमा चिलेनका अनुसार स्थानीय प्रहरीले प्रदर्शनमा भाग लिएका ४१४ जनालाई शङ्कास्पद अपराधीको रूपमा समातेको छ । तिनीहरूमध्ये तिब्बती, भिक्षु र साधारण दुवै किसिमका मानिस र हान जातिका मानिसहरू पनि छन् ।

पाइमा चिलेनले २८९ जना दङ्गामा भाग लिनेहरूमध्ये १११ जना छाडिएको बताए ।

त्यसबेलासम्म ५३ जना हुल्याहा नेताहरूमध्ये ६ जनाले आत्मसमर्पण गरे तथा थप ४ जना पक्राउ परे ।

ल्हासामा स्थिति सामान्य भएपछि स्थानीय अधिकारीहरूले हुलदङ्गामा क्षति पुगेका पसलहरूको कर छुट र बिनाब्याजको ऋण उपलब्ध गराउनुपर्ने माग गरेका छन् ।

पाइमा चिलेनले छिट्टै आन्तरिक र बाह्य दुवै पर्यटकहरूले त्यहाँ भ्रमण गर्न पाउने बचन दिए । "तिब्बत अहिले र भविष्यमा पनि बाहिरी विश्वका लागि सदैव खुला रहनेछ । हालैको हुलदङ्गाले हाम्रो विकास र स्थिरतामा बाधा पुर्‍याउने छैन ।"

ल्हासामा नगर प्रमुखले हालको हुलदङ्गामा भाग लिएका भिक्षुहरूले अहिले पनि तिनीहरूको धार्मिक दायित्व निभाइरहेका र तिनीहरूलाई खाना, पानी र ऊर्जा प्राप्त गर्ने पूर्ण अधिकार भएको बताए ।

ती भिक्षुहरूलाई दैनिक आपूर्तिहरू बन्द गरेको भन्ने केही विदेशी समाचारहरूको डोचे सेचुग ( Doje Cezhug) ले खण्डन गरे ।

जोखाङ (Jokhang) मन्दिर, सेरा (Sera) मन्दिर र जेपाङ (Zebang) मन्दिरलगायत प्रमुख मन्दिरहरूमा नियमित पानी, खाना र ऊर्जा आपूर्ति भएको र सामान्य रूपमै सधैँभैँ धार्मिक गतिविधिहरू भइरहेको छ; उनले बताए ।



२१ चैतको दिन सञ्चार प्रतिनिधिहरूले उपद्रवको क्रममा क्षति पुगेको एक तिब्बती स्वास्थ्य उपचार केन्द्र, विद्यालय तथा आगजनीमा पाँचजना सहायक बिक्रेताहरूको मृत्यु भएको पसलको पनि भ्रमण गरेको थियो । चैत १ (१४ मार्च) को हुलदङ्गापछि ल्हासाको भ्रमण गर्न आएका विदेशी पत्रकारहरूको पहिलो समूहले बिहान जोखाङ मन्दिर भ्रमण गर्दा बुद्ध धर्मावलम्बी भिक्षुहरूले बाधा पुर्‍याएको समाचार दिइएको थियो ।

अधिकांश २० वर्षका, चिवर वस्त्र लगाएका ३० जना भिक्षुको समूहले मन्दिरको भित्री कोठामा जान लाग्दा पत्रकारहरूलाई रोकेका थिए ।

भिक्षुहरूले हालैको हुलदङ्गासँग दलाई लामाको कुनै सम्बन्ध नरहेको दाबी गरे, तर तिनीहरूले कुनै प्रमाण भने दिन सकेनन् ।

तिनीहरूका केही भनाइहरू विरोधाभाषपूर्ण थिए । उदाहरणका लागि तिनीहरूले हुलदङ्गामा हताहत भएका व्यक्तिहरू आफूहरूले देखेको दाबी गरे । तर, केही भिक्षुहरूले विरोध प्रदर्शन गर्न सुरु गरेपछि १ चैत (मार्च १४) देखि नै सुरक्षाको कारण स्थानीय प्रहरीले मन्दिरमा घेरा हाली आफूलाई बन्दी बनाएको पनि दाबी गरे ।

विदेशी पत्रकारहरूले सत्य जाँच नै नगरी भिक्षुहरूको एकतर्फी भनाइलाई व्यापक प्रचारप्रसार गरे ।

राज्यको सूचना परिषद्को (State Council Information Office) कार्यालयका अधिकारीहरूलगायत सञ्चारकर्मीहरूको भ्रमणका आयोजकले कुनै हस्तक्षेप नगरी १५ मिनेट लगातार अन्तर्वार्तालाई निरन्तरता दिए तथा त्यति नै समय बाटोमा ठाउँ-ठाउँमा अन्तर्वार्ताहरू लिन दिए ।

त्यसमा सङ्गठित छापा (Associated Press), वित्तीय समय (Financial Times) र दक्षिण चीनको बिहानी समाचार (South China Morning Post) लगायत १९ वटा सञ्चारकर्मीहरूको सङ्गठनका पत्रकारहरू संलग्न थिए ।

*[Tibetans are also among riot victims–China Daily/The New Worker, 4 April, 2008]*

***प्रस्तुति : निभा***

***स्रोत : तिब्बत : उपद्रव र यथार्थ***



इरानको एक अज्ञात स्थलबाट शुक्रबार प्रक्षेपण परीक्षण गरिएको खुर्रमसहर -४ ब्यालेस्टिक मिसाइल । उक्त मिसाइलले आणविक अस्त्र बोक्न र २ हजार किलोमिटर टाढासम्म लक्ष्यभेदन गर्न सक्ने बताइएको छ । *तस्बिर : प्रेस टिभी*

# इरान-अमेरिका अप्रत्यक्ष वार्ताबिच अमेरिकाद्वारा नयाँ प्रतिबन्ध घोषणा

वाशिङ्टन, ७ फेब्रुअरी (सिन्ह्वा) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले इरानको तेल कारोबारसँग सम्बन्धित विभिन्न निकाय र व्यक्तिमाथि नयाँ प्रतिबन्ध घोषणा गरेको छ । प्रतिबन्धको सूचीमा १५ वटा संस्थान, दुई जना व्यक्ति तथा तथाकथित छायाँ जहाज समूहमा पर्ने १४ वटा जहाज समावेश छन् ।

अमेरिकी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा इरानी शासनले गैरकानुनी रूपमा गर्दै आएको तेल तथा पेट्रोकेमिकल निर्यातलाई रोक्न प्रशासन प्रतिबद्ध रहेको जनाएको छ । मन्त्रालयका अनुसार यो कदम इरानमाथि दबाब बढाउने रणनीतिअन्तर्गत लिइएको हो ।

यो घोषणा ओमानको मस्कटमा सम्पन्न अमेरिका र इरानबिचको अप्रत्यक्ष वार्ता सकिएको दिनमै सार्वजनिक गरिएको हो ।

इरानको सरकारी समाचार संस्थाका अनुसार इरानी विदेश मन्त्री सैयद अब्बास अराघचीले उक्त वार्ता पूर्ण रूपमा आणविक विषयमै केन्द्रित रहेको स्पष्ट पार्नुभएको छ । उहाँका अनुसार तेहरानले वाशिङ्टनसँग अन्य कुनै विषयमा छलफल गरेको छैन ।

अराघचीले विगतमा भएका व्यवहार र अनुभवका कारण दुवै देशबिच गहिरो अविश्वास कायम रहेको उल्लेख गर्दै यही अविश्वास नै वार्ताका लागि सबैभन्दा ठुलो चुनौती बनेको बताउनुभएको छ ।

# इराकी सुरक्षाबलको कारबाहीमा सात जना आतङ्ककारी मारिए

बग्दाद, ७ फेब्रुअरी (सिन्ह्वा) । इराकी सुरक्षाबलले दुईवटा छुट्टाछुट्टै कारबाहीका क्रममा सात जना आतङ्ककारी मारिएको जनाएको छ । सुरक्षा अधिकारीहरूले शुक्रबार उक्त जानकारी दिएका हुन् ।

सुरक्षा सञ्चार प्रकोष्ठले जारी गरेको विज्ञप्तिअनुसार उत्तरी नाइनवे प्रान्तको पश्चिमी मरुभूमि क्षेत्रमा रहेका दुईवटा लुकेका अड्डामाथि इराकी लडाकु विमानमार्फत हवाई आक्रमण गरिएको थियो । ती अठ्ठामा चार जना आतङ्ककारी लुकेर बसेका थिए ।

सैन्य गुप्तचर निर्देशनालयले केही दिनसम्म गरेको निगरानीपछि आक्रमण गरिएको जनाइएको छ । आक्रमणका क्रममा चारै जना आतङ्ककारी मारिनुका साथै उनीहरूले प्रयोग गर्दै आएका दुवै अड्डा पूर्णरूपमा ध्वस्त पारिएको छ । अड्डामा रहेका रसद सामग्री, उपकरण तथा हातहतियारसमेत नष्ट गरिएको सुरक्षा निकायले जनाएको छ ।

यसैबिच, पश्चिमी अनबार प्रान्तमा पनि अर्को कारबाही गरिएको छ । इराकी राष्ट्रिय सुरक्षा सेवाका अनुसार सुरक्षाबलले एक आतङ्ककारी अड्डालाई घेराबन्दीमा पारेका थिए । सो अड्डामा अनबार क्षेत्रको तथाकथित सुरक्षा प्रमुखसहित उनका दुई सहयोगी लुकेर बसेका थिए । घेराबन्दीका क्रममा ती आतङ्ककारीहरूले आफूलाई विस्फोट गराएर आत्मघाती हमला गरेका थिए, जसका कारण उनीहरू मारिएका छन् ।

इराकले सन् दुई हजार सत्रमा आतङ्ककारी सङ्गठनमाथि विजय घोषणा गरे पनि त्यस समूहका बाँकी तत्त्वहरूले अझै पनि विभिन्न सहर, मरुभूमि र दुर्गम क्षेत्रमा सुरक्षाबल तथा सर्वसाधारणमाथि आक्रमण गर्दै आएको सुरक्षा निकायले जनाएको छ ।

# अमेरिकी सांसदहरूको प्रतिनिधिमण्डल ग्रिनल्यान्ड भ्रमणमा जाने

नूक, ७ फेब्रुअरी (सिन्ह्वा) । अमेरिकी सांसदहरूको एक प्रतिनिधिमण्डल यस साता ग्रिनल्यान्डको राजधानी नूक भ्रमणमा जाने भएको छ । नूकस्थित अमेरिकी वाणिज्यदूतावासले शुक्रबार विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएको हो ।

वाणिज्यदूतावासका अनुसार यो भ्रमण ग्रिनल्यान्ड सरकारको निमन्त्रणामा हुन लागेको हो । तर, प्रतिनिधिमण्डलमा सहभागी हुने सबै सांसदको नाम सार्वजनिक गरिएको छैन । स्थानीय सञ्चारमाध्यमका अनुसार सिनेटर लिसा मर्कोव्स्की भ्रमणमा सहभागी हुने अपेक्षा गरिएको छ ।

मर्कोव्स्की हालै डेनमार्क भ्रमणमा गएकी थिइन् । सो भ्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उहाँको प्रशासनले ग्रिनल्यान्ड आफ्नो नियन्त्रणमा लिन चाहेको अभिव्यक्तिपछि उत्पन्न तनावबारे छलफल गर्न केन्द्रित थियो ।

भ्रमणका क्रममा अमेरिकी सांसदहरूले ग्रिनल्यान्डका स्थानीय अधिकारी, संसद् सदस्य तथा व्यावसायिक क्षेत्रका प्रतिनिधिसँग भेटघाट गर्नेछन् । वाणिज्यदूतावासका अनुसार उक्त भेटघाटको उद्देश्य ग्रिनल्यान्ड सरकार र जनताको दृष्टिकोण बुझ्नु तथा द्विपक्षीय सम्बन्धबारे छलफल गर्नु रहेको छ ।

यसैबिच, शुक्रबार फ्रान्स र क्यानडाले नूकमा आ-आफ्ना वाणिज्यदूतावास स्थापना गरेका छन् । फ्रान्सले ग्रिनल्यान्डमा वाणिज्य दूतावास खोलेसँगै स्वशासित डेनिस भूभागमा कूटनीतिक कार्यालय स्थापना गर्ने पहिलो युरोपेली सङ्घको सदस्य राष्ट्र बनेको फ्रान्सको विदेश मन्त्रालयले जनाएको छ ।

फ्रान्सले जाँ-नोएल पोइरियेलाई नूकका लागि महावाणिज्यदूतको रूपमा नियुक्त गरेको छ । यस कदमले फ्रान्सको वाणिज्यदूत सेवा सञ्जाललाई सुदृढ बनाउने लक्ष्य राखिएको मन्त्रालयले जनाएको छ ।

क्यानडाको नयाँ वाणिज्यदूतावास उद्घाटन समारोहमा क्यानडाकी विदेश मन्त्री अनिता आनन्द, क्यानडाकी गभर्नर जनरल मेरी साइमन तथा ग्रिनल्यान्डकी विदेश मन्त्री भिभियन मोट्सफेल्ट सहभागी भएका थिए । स्थानीय सञ्चारमाध्यमका अनुसार साइमनले भ्रमणका क्रममा ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनसँग पनि भेट गर्ने कार्यक्रम छ ।

विश्वकै सबैभन्दा ठुलो टापु ग्रिनल्यान्ड डेनमार्क अधिराज्यअन्तर्गतको स्वशासित भूभाग हो । यसको रक्षा र विदेश नीतिको जिम्मेवारी भने कोपनहेगनसँग नै रहेको छ । सन् २०२५ मा पुनः राष्ट्रपति पद सम्हालेपछि डोनाल्ड ट्रम्पले ग्रिनल्यान्ड प्राप्त गर्ने इच्छा पटक-पटक व्यक्त गर्दै आएका छन्, तर युरोपेली मुलुकहरूले उक्त प्रस्तावलाई निरन्तर अस्वीकार गर्दै आएका छन् ।

# इस्लामाबादको मस्जिदमा भएको विस्फोटमा मृत्यु हुनेको सङ्ख्या ३१ पुग्यो

इस्लामावाद (पाकिस्तान), ७ फेब्रुअरी (एएफपी) । इस्लामावादको एक शिया मस्जिदमा इस्लामिक स्टेट समूह ( आईएस) ले दावी गरेको आत्मघाती विस्फोटमा मृत्यु हुनेको सङ्ख्या ३१ जना पुगेको छ भने १६९ जना घाइते भएका छन् ।

अधिकारीहरूले घटनाको पुष्टि गर्दै धेरै घाइतेहरूको गम्भिर अवस्थामा उपचार भइरहेकाले मृतकको सङ्ख्या अझै बढ्ने अनुमान गरेका छन् ।

देशभरका मस्जिदहरू उपासकहरूले भरिएर प्रार्थना गरिरहेको समयमा विस्फोट भएको एक सुरक्षा स्रोतलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

जिहादी सञ्चारको निगरानी गर्ने साइट इन्टेलिजेन्स ग्रुपका अनुसार आइएसले आतङ्ककारीले मण्डलीलाई लक्षित गरि गरेको विस्फोटमा ठुलो मानवीय क्षति भएको बताएको छ ।

प्रधानमन्त्री शाहबाज सरिफले विस्फोटमा संलग्नहरूको अनुसन्धान गरी न्याय दिलाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

यसअघि सन् २००८ सेप्टेम्बरपछि पाँच तारे म्यारिअट होटलको केही भाग ध्वस्त पारिएको आत्मघाती ट्रक बम विस्फोटमा ६० जनाको मृत्यु भएको थियो ।

चिकित्सक र दर्शकहरूले पीडितहरूलाई एम्बुलेन्स र सवारी साधनबाट रगतले भिजेका लुगाहरू निकाल्न मद्दत गरेको तथा घाइतेका साथीहरू र आफन्तहरूलाई भेट्न कुदिरहेको भिडियो सार्वजनिक भएको छ ।

एएफपीले अर्को टोलीले मस्जिद बाहिर सशस्त्र सुरक्षा बलहरूले रगतमा डुबेका मानिसहरूको उद्धार गर्दै गरेको देखाएको छ ।

सामाजिक सञ्जालमा सार्वजनिक गरिएको भिडियोले मस्जिदको अगाडिको गेट नजिकै धेरै शवहरू देखाएको छ भने मानिस र भग्नावशेष पनि रातो गलैंचा भएको प्रार्थना हलमा छरिएका थिए ।

उप-प्रधानमन्त्री इशाक दारले उक्त आक्रमणलाई मानवताविरुद्धको जघन्य अपराध र इस्लामिक सिद्धान्तको खुल्लमखुल्ला उल्लङ्घन भन्नुभएको छ । पाकिस्तान सबै प्रकारका आतङ्कवादविरुद्ध एकजुट भएर उभिएको उहाँले सामाजिक सञ्जाल एक्सको एक पोस्टमार्फत जनाउनुभएको छ ।

उहाँका प्रवक्ताका अनुसार संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नागरिक र प्रार्थनास्थलहरूविरुद्धको आक्रमण अस्वीकार्य भएको बताउनुभएको छ ।

बढ्दो विद्रोहको बिच पाकिस्तानको सुरक्षा बलले अफगानिस्तानको सिमानामा रहेका दक्षिणी र उत्तरी प्रान्तहरूमा विद्रोहलाई तीव्र बनाउँदै गर्दा यो आक्रमण भएको हो ।

सुन्नी बहुल राष्ट्र पाकिस्तानमा सियाहरू जनसङ्ख्याको १० देखि १५ प्रतिशतको बिचमा छन् भने उनीहरूको बसोबास क्षेत्रलक्षित आक्रमणहरू पटक-पटक हुने गरेका छन् ।

इस्लामाबादले दक्षिणी बलुचिस्तानका पृथकतावादी सशस्त्र समूहहरू र पाकिस्तानी तालिबान र इस्लामाबाद नजिकैको उत्तरी खैबर पख्तुनख्वा प्रान्तका अन्य इस्लामवादी उग्रवादीहरूले आक्रमण गर्न अफगान क्षेत्रलाई सुरक्षित आश्रयको रूपमा प्रयोग गरेको बताएको छ ।


अफगानिस्तानको तालिबान सरकारले पाकिस्तानको आरोपलाई बारम्बार अस्वीकार गरेको छ ।

सीमामा दुवै पक्षका सेनाहरू नियमित रूपमा भिडन्त हुँदै जाँदा द्विपक्षीय सम्बन्ध खस्केको जनाइएको छ ।

यसअघि नोभेम्बरमा इस्लामाबादको अदालत बाहिर भएको आत्मघाती विस्फोटमा १२ जनाको मृत्यु भएको थियो भने दर्जनौं घाइते भएका थिए ।

बलुचिस्तानमा गत हप्ता पृथकतावादी विद्रोहीहरूले दावी गरेको आक्रमणमा ३६ जना सर्वसाधारण र २२ जना सुरक्षाकर्मीको मृत्यु भएको थियो भने प्रति-कारबाहीमा सुरक्षा बलले लगभग २०० जना आतङ्ककारीहरूलाई मारेको बताएका थिए ।

**हार्दिक समवेदना**




यस विद्यालयका पूर्व शिक्षक नारायणप्रसाद ह्यौंमिखाका पूजनीय पिता **नारांभक्त ह्यौंमिखा**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जन्म** : २००३।०४।०५
**निधन** : २०८२।१०।१४

**बासु माध्यमिक विद्यालय परिवार**
कालीघाट, ब्यासी-२, भक्तपुर

**हार्दिक समवेदना**



**जन्म**
२००३।०४।०५

**स्वर्गारोहण**
२०८२।१०।१४

हाम्रा आत्मीय मित्र नारायणप्रसाद ह्यौंमिखाका पूजनीय पिता **नारांभक्त ह्यौंमिखा**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| डा. रविभूषण सुवाल | विमल राजचल | सीताराम अवाल |
| डा. वित्रुम बासुकला | रोशन लवजु | उत्तम प्रजापति |
| डा.दिवंगर खोटेजा | अजेन्द्रकुमार लघु | जयराम लवजु |
| ई.कृष्णभक्त दुवाल | निर्जन दुवाल | रमेश कुसी |
| ई.सञ्जयकुमार कवां | राजेश साँद | राजाराम लवजु |
| ई.उलाष आशिष कोजु | कृष्णप्रसाद दुवाल | रमेश लवजु |
| ई.प्रकाश खार्डजु | मोहनप्रसाद कोजु | राजन लवजु |
| ई.शिवराम तुर्डतुई | रामकृष्ण छुस्याबाग | श्याम लाखेमरु |
| बालकृष्ण साँद | न्हुछेराम अवाल | दशराम त्वानावासु |
| कृष्णराम दुवाल | जनकप्रसाद न्याईच्याई | रामकृष्ण दुवाल |

# इतिहास, संस्कृति र स्थानीयताको समायोजन 'ख्वप मोडेल'

✍ आ. सृजना प्रजापति

नेपालको इतिहासको कुरा गर्ने हो भने नेवार समुदाय र उनीहरूको संस्कृतिको कुरा नगरी पूर्ण हुँदैन। उनीहरूको जनजीवनबारे शाह र राणा शासकहरूले अतिक्रमण गर्नु अगाडिका केही कुराहरूलाई बुझ्न सकिएमा अहिले पनि नेपाललाई विकास गर्ने आधार बन्न सक्छ। मात्रै दुईवटा शैलीलाई व्यवस्थित रूपमा अपनाएर आफ्नै तरिकाले प्रयोग गर्न सकिएमा आत्मनिर्भर बन्न मद्दत गर्छ। दुईमध्ये पहिलो आत्मनिर्भरताका लागि एक गाउँ/नगर एक विशिष्ट उत्पादन र अर्को आर्थिक व्यवस्थापनका लागि गुठी व्यवस्था हो। यसैलाई केही अपनाउँदै र समयअनुसारको सुधार थप्दै भक्तपुर नगरपालिकाले चालेको आफ्नै विकासको नमुना आजकल 'ख्वप मोडेल' को रूपमा प्रख्यात छ। यसलाई बुझ्न प्राचीन इतिहास मात्रै नभई विगत ५०/६० वर्षको इतिहासलाई नजिकबाट नियाल्नुपर्ने हुन्छ।

यो समयको इतिहासदेखिको जगलाई बुझेर, आ-आफ्नो स्थानमा विचार फैलाउने कार्य गरे। यसकै परिणामस्वरूप बीस वर्षमा ख्वप/भक्तपुर फोहोर नगरबाट सफा नगरमा परिणत भएको थियो। पञ्चायतको समयमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले "प्रतिक्रियावादी भन्दा प्रतिक्रियावादी सङ्घ संस्थामा घुसेर जनताको सेवा गर्ने" भन्ने नारालाई प्रयोग गरेर देखाए। यहीँ बीस वर्षको अन्तरालमा देशमा बहुदलीय व्यवस्था आइसकेको थियो। त्यसपछि पनि निरन्तर सफाइ अभियान चलाउनका लागि नेमकिपाको कार्यकर्ताहरूले सङ्घर्ष गर्नुपरेको थियो।

स्थानीय नेतृत्वले ख्वपवासीलाई माथि उकासेको अर्को उदाहरण 'किसान आन्दोलन' पनि हो। ख्वपका अधिकांश जनता किसान थिए। तर जमिन आफ्नो थिएन। उत्पादनको धेरै भाग कुत बुझाउनुपर्ने र 'झारा' प्रथा (अनिवार्य तर विनापारिश्रमिक) ले किसानहरूले दिनभर काम गरेर पनि एकपेट पाल्न मुश्किल थियो। त्यसकारण किसान आन्दोलन अपरिहार्य बन्यो। पञ्चायत सरकारले लागु गरेको 'भूमिसुधार ऐन २०२१' लाई स्थानीय जनताका निम्ति लागू गर्न किसानहरू सङ्घर्षरत भए। यहीँ आन्दोलनअन्तर्गत साँढे धपाउने आन्दोलन, भर्पाई आन्दोलनमा किसानहरूको तर्फबाट लडेर मोहियानी हक दिलाइयो।

शिक्षाजस्तै स्वास्थ्य क्षेत्रलाई सुधार्न स्थानीय नेतृत्वले ठुलै प्रयास गरेको छ। सुरुमा जनस्वास्थ्यको रूपमा परिचालित स्वास्थ्य संस्था हाल आएर 'ख्वप अस्पताल' को रूप (तस्बिर सं. ३) लिएको छ। कम शुल्कमा जनतालाई सेवा गर्न खोलिएको यो अस्पतालमा अहिले आएर १४-१५ थरी अत्याधुनिक सेवा प्रदान गर्ने भइसकेको छ। केही शल्यक्रियासमेत हुने भएको छ। स्वास्थ्य सेवालाई अझै निम्नवर्गका जनतासम्म पुऱ्याउनका लागि कम शुल्कमा मेडिकल (डाक्टर) पढाउन 'ख्वप विश्वविद्यालय' माग गरिँदै आएको हो। सरकारले ख्वप विश्वविद्यालय नदिँदा बढी शुल्कमा पढेपछि स्वास्थ्य उपचार पनि महँगो हुँदै जानेमा दुईमत छैन।

आइसकेको छ। यति गरेर पनि नेपालको शिक्षा प्रणालीमै सुधार्नुपर्ने धेरै कुराहरू तथा स्थानीयकरण समेत गर्नका लागि 'ख्वप विश्वविद्यालय' को माग पनि सडकदेखि सदनसम्म उठाउँदै आएको छ।

भनौँ - परम्परागत झिँगटी छाना घट्दै गएको छ। त्यस्तै अर्को समस्या घरको ठाडो विभाजनले पनि सहरको सुन्दरता घटाएको छ। २०७२ सालको भूकम्पपछि अधिकांश दाजुभाइको अंशबण्डा नमिल्दा खेत बेचेर नगर बाहिर घर बनाएको हुनाले, नगरभित्र पहिलाको जस्तो लहर मिलेको घर देखिन छाडेको एक सर्वेक्षणमा देखाएको छ। निजी जग्गा भएकोले यस्ता समस्या समाधान गर्न सजिलो भने छैन। यसको केही उदाहरण भूकम्पपछि अत्यधिक क्षति भएको जैँला र ग:हिटी टोलहरूमा संयुक्त आवास अथवा प्लट मिलान गरी घर व्यवस्थित गर्ने प्रस्तावहरू सफल नभएबाट थाहा हुन्छ।

मूर्त सम्पदाजस्तै स्थानीय तहले अमूर्त सम्पदा संरक्षणमा पनि उत्तिकै ध्यान दिँदै आएको छ। गाईजात्राको समयमा घिन्ताङघिसि प्रतियोगितादेखि विभिन्न नाचहरूमा प्रोत्साहन र पुरस्कारको बन्दोबस्त गर्दै आएको छ। अन्य जात्राहरूको बेला पनि स्थानीय स्वयम्सेवकहरू खटाएर सहयोग गर्दै हुन्छ। पारदर्शीकै क्रियाकलापकै कारण यस नपाले २०५६ सालतिर 'पारदर्शिताको टापु' नामको पदक पाएको थियो।

पारदर्शितालाई सहयोग गर्ने भनपाको अर्को क्रियाकलापमा हरेक किसिमको सम्पदा निर्माणमा 'उपभोक्ता समिति' मार्फत काम गर्नु पनि हो। यसले गर्दा आफ्ना वरपरको सम्पदा निर्माणमा स्थानीयलाई चासो बढ्छ भने आफ्नोपनको भावना विकास हुन्छ। यसकारण, चोरी, बिगार गर्नेहरूप्रति स्थानीयले स्वस्फूर्तरूपमा पहरेदारको काम गर्छ। नेवा संस्कार संस्कृतिमा यो कार्यलाई नियाल्ने हो भने एउटा भनाइ नै चर्चित छ "बाटोमा जाँदा कसैले घरको छाना छाएको देखेमा माटो वा इँट एउटा भए पनि राख्नलाई सहयोग गर्नुपर्छ।" यो उदाहरण केही वर्ष अगाडि ङातापोल्हँ (पाँचतले मन्दिर) मर्मत गर्दा छानामा झिँगटी हाल्ने समयमा राम्ररी देखियो। भक्तपुरवासीको यो मात्र नभई पुर्खादेखि नै परोपकारी काममा वा सामुदायिक काममा सकेको सहयोग वा चन्दा दिने अहिलेको अवस्थामा ख्वप एक सांस्कृतिक नगरीको रूपमा विकास गर्ने उद्देश्यले पर्यटन प्रवर्द्धनमा विशेष जोड दिँदै आएको छ। यसले स्थानीय उत्पादनका साथै होटल व्यवसाय पनि फस्टाएका छन्। भनपाले आत्मनिर्भरताकै निम्ति २०६० सालमा पर्यटक शुल्क लिने निर्णय गरेको थियो। यसलाई सुरुमा नबुझेर सरकारी स्तरबाटै कडा विरोध भएको थियो।

आत्मनिर्भरता र स्थानीयतालाई रोजगार दिने हिसाबले भक्तपुर विकास परियोजनाले घरेलु उद्योग तथा परम्परागत सीप बचाउने काष्ठकला तालिमहरू सञ्चालन गरेको थियो। तर, त्यसमा किन हो सोचेजस्तो सफलता हासिल भएन। उल्टै केही व्यवसायीले औद्योगिक क्षेत्रको ठाउँ ओगटेर बसेको छ। अब यसमा केही परिमार्जन गर्न जरूरी छ। भनपाले आत्मनिर्भरता र रोजगारीका लागि स्थानीय सहकारीलाई सीपमूलक तालिम सञ्चालन गर्न र आफैले पनि आधारभूत तालिम सञ्चालन गर्दै आएको छ। तर अलि देखिने गरी







समर्पित भई नेतृत्वमा अगाडि बढेमा मात्रै अन्य नगरपालिकाले यसलाई अपनाउन सकिन्छ। यो मोडेललाई बुझ्न तल पाँच बुँदाहरूमा विस्तृतमा व्याख्या गरिएको छ।

### १. स्थानीय र आफ्नै ठाउँको लागि समर्पित नेतृत्व

ख्वप (भक्तपुर) यस्तो ठाउँ हो, जहाँ नेतृत्वकर्तादेखि विरोधीसम्म र धनीदेखि गरिबसम्म धेरै र थोरै आफ्नो ठाउँको चिन्ता गर्छन्। पाँच/छ दशक अगाडिसम्म पनि यो एक अलग ठाउँ जस्तो मानिन्थ्यो। काठमाडौँबाट मात्रै १३ कि. मि. मात्र पूर्व रहेर पनि टाढाको स्थानजस्तै सोचिन्थ्यो र अपहेलित व्यवहार गरिन्थ्यो। पूर्व-मल्लकालको एक समय राजधानीको रूपमा रहेको ख्वप सन् १९२९ सम्म कति सुन्दर थियो भन्ने ई.ए. पावेलले आफ्नो पुस्तक 'द लास्ट होम अफ मिस्टेरि' मा भक्तपुर दरबार क्षेत्रको वर्णन गरेबाट थाहा हुन्छ। जसमा उनले "नेपालमा अरू केही नरहे पनि भक्तपुर दरबार क्षेत्रलाई बचाउनु, जुन संसार आधा घुमे बराबरको छ" भनी वर्णन गरेका थिए। राजधानी सरेपछि र राणाकालको अवहेलनापछि यहाँका सम्पदाहरूको दुर्दशा हेनरी ओल्डफिल्ड (तस्बिर सं. १) को रङ्गीन स्केचहरूमा देख्न सकिन्छ। त्यसपछिको ख्वप निवासीहरू अशिक्षित र फोहोरी भएको तस्बिरहरू भक्तपुर विकास परियोजनाताकाको तस्बिरमा पाइन्छ।

यस्तो पृष्ठभूमिमा नेपालको राजनीतिक नेतृत्व पञ्चायत सरकारको एकदलीय शासकको हातमा थियो। यसको कारण स्थानीयहरूले स्वतन्त्र रूपमा आफ्नो ठाउँको निम्ति काम गर्न पाएका थिएनन्। यस्तो कठिन परिस्थितिमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का संस्थापक अध्यक्ष ( नारायणमान बिजुक्छेँसहित) हरूले 'सफाइ आन्दोलन' गरी स्थानीय जनतालाई चेतना जगाउने कार्य गरे। स्थानीय जनतामा आफ्नो ठाउँको सफाइका साथै कम्युनिस्ट आन्दोलन अपरिहार्य बन्यो।

### २. शिक्षा र स्वास्थ्यमा सबैको बराबर पहुँच

नेपालीहरूलाई शिक्षाको अन्धकार युगमा पुऱ्याउने राणा शासकहरू नै हुन्। प्राचीनदेखि मल्लकालमा लेखिएका ( विशेषगरी संस्कृत र प्रचलित लिपिमा) कतिपय थ्यासफू (नेपाली कागजमा लेखिएका पुस्तक) हरू अहिले विदेशी पुस्तकालयमा रहेको सुन्नमा आउँछ। कतिपय जलाइए, कति नष्ट भए। नेपालीको एक प्रकारको वैभवशाली इतिहास (जसभित्र नेवा: शैलीका कला, वास्तुकलादेखि वैद्य औषधिका मूल मन्त्रहरू लेखिएका थिए।) शाह र राणा शासकहरूले नष्ट पारे। आधुनिक शिक्षाका नाममा अङ्ग्रेजी औपनिवेशिक शिक्षा थम्याइ दिए।

विगतको यस्ता शिक्षाको अन्धकार युग हटाउन पनि स्थानीय नेतृत्वले कार्य गरेको छ। २०२८ सालमा २७ प्रतिशत मानिसहरू शिक्षित थिए भने नेमकिपाले विभिन्न अभियानहरू चलाएर २०५८ सालसम्ममा ७४ प्रतिशत शिक्षित पुऱ्याएको थियो। २०५९ सालमा पुस्तकको रूपमा प्रकाशित (२०५६ सालमै मजदुर दैनिकमा प्रकाशन भइसकेको) बिजुक्छेँको 'सय वर्षपछिको भक्तपुर' पनि ख्वपलाई सम्पदाको धनी र ज्ञान-विज्ञानको केन्द्र बनाउनेसम्बन्धी परिकल्पना हो। त्यसैको शिलशिला हो - पाँच वटा ख्वप कलेजहरू (तस्बिर सं. २)। २०५८ सालमा सुरू भएका यी कलेजहरू स्थापनाको उद्देश्य निम्न वर्गका जनतालाई न्यूनतम शुल्कमा पढाउनु थियो। यसै भित्रको 'एक घर एक स्नातक' अभियानमा हालसम्म गुणात्मक परिवर्तन

यसरी यहाँको स्थानीय नेतृत्वले शिक्षा र स्वास्थ्यमा आम जनताको पहुँच पुऱ्याउन यथासक्य मेहनत गर्दै आएको छ। अझै निम्न आयस्तरका र पिछडिएका वर्गलाई उकास्नका लागि शिक्षामा छात्रवृत्ति र शैक्षिक ऋणसमेत प्रदान गर्दै आएको छ।

### ३. स्थानीय संस्कृति प्रवर्द्धन

'ख्वप' आफैमा प्राचीनता बोकेको नगर हो। यहाँ पाइएको लिच्छविकालीन अभिलेखले यसको इतिहासलाई हजारौँ वर्ष अगाडि पुऱ्याउँछ। यसरी जीवन्त संस्कृति र सम्पदा बोकेको यो नगरको धेरै भाग विश्व सम्पदा क्षेत्रअन्तर्गत पर्छ। माथि भनेजस्तै विदेशीहरूले यहाँको कलाकृतिलाई व्याख्या गरेको त छँदै छ। तर, बिचमा जीर्ण भएका सम्पदाहरूलाई २०३१ सालदेखि सुरू भएको भक्तपुर विकास परियोजनाले जीर्णोद्धार, मर्मत र पुनर्निर्माणसमेत गरेको थियो। तर, स्थानीयसँग सहकार्य नगर्दा वा भनौँ यहाँको निर्माण प्रविधि र सामग्रीको अविश्वास र अनुसन्धानको कमीले गर्दा संरक्षण कार्यमा आधुनिक सामग्रीको प्रयोग बढी मात्रामा गरेको पाइन्छ। यहीँ बेमेल बिचमा यहाँको स्थानीय नेतृत्वले प्रश्न उठाइ स्थानीय स्रोत, सामग्री, प्रविधि र सीप प्रयोग गर्नुपर्ने आवाज उठाएको थियो। त्यसैकारण, २०६०-२०६४ सालमा दरबार क्षेत्रको ङेङापा झ्य:/पचपन्न झ्याले दरबार (तस्बिर सं. ४) मा आफैले स्थानीय प्राविधिक, परम्परागत डकर्मी र सिकर्मीको सहयोगमा जीर्णोद्धार गरिएको थियो।

स्थानीय सम्पदा बनाउनमा आत्मनिर्भर र स्वाभिमानी हुनुपर्ने आवाज पनि स्थानीय निकायले उठाउँदै आएको छ। यसै कार्यमा जनतालाई प्रोत्साहन गर्न नगरको मोहडा परम्परागत शैलीमा निर्माण गर्नेलाई अनुदान रकमको व्यवस्था गर्दै आएको छ। यसैकारण भक्तपुर नगरभित्रका कति घरहरू परम्परागत शैलीका देखिन्छन्। तर, समयको परिवर्तन भनौँ कि सुविधाभोगी मानिसहरू आएको पाइन्छ। यसकै एउटा सिलसिला मान्न सकिन्छ, स्थानीय पाठ्यक्रममा स्थानीय संस्कृतिको पठनपाठन सुरु गर्नु। त्यस्तै हराउन लागेका बाजाहरूको प्रशिक्षण र पुराना बाजा वा सांस्कृतिक गुरुहरूलाई पुरस्कार दिने र सम्मान गर्ने नयाँ परम्पराको सुरुवात भएको छ।

### ४. भ्रष्टाचारमा शून्य सहनशीलता र पारदर्शिता

अहिलेको पुँजीवादी समाजमा नेपालजस्तो विकासोन्मुख देशको मूल समस्या नै भ्रष्टाचार हो। स्थानीय तहलाई अधिकार दिने नाममा देशको बजेटको चरम दुरूपयोग गाउँ-गाउँमा पुगेको छ। तलदेखि माथिसम्मको कमिसनको भागबन्डाका कारण 'तैं चुप मै चुप' भएर बसेको देखिन्छ। हुँदाहुँदा सर्वसाधारण जनतासमेत 'चाँडो काम हुने भए' भन्दै घुस खुवाउन तयार देखिन्छन्। यस्तो अवस्थामा भक्तपुर नगरपालिकामा भने भ्रष्टाचार शून्य छ भन्दा मान्छेहरूलाई अचम्म लाग्न सक्छ। प्राचीन सहरको विशेषता भन्नु कि के भन्ने सबै भक्तपुरवासी एक न एक प्रकारले जनप्रतिनिधिसँग जोडिएकै हुन्छ। यसले गर्दा कर्मचारीले सानो रकम वा चिया, खाजा मात्र खाँदासमेत सूचना माथि पुगिहाल्छ। अनि तत्काल कारबाहीको प्रक्रिया सुरु भइहाल्छ। पिउनदेखि हाकिमसम्म यो कुरामा सचेत नै छन्। चुनावी प्रचारमा ठुला पार्टीकाले मासु भात खुवाउँदा नेमकिपाले भने स्थानीयसँगै सकेको चन्दा मागेर खर्च टार्ने गरेको छ। ठुला पार्टीहरू चुनावी खर्च उठाउन जितेर गएपछि भ्रष्टाचारमा लिप्त हुने गर्छन्।

भ्रष्टाचारमा सचेत हुनको लागि आय र व्ययको पारदर्शिता उत्तिकै खाँचो हुन्छ। भक्तपुर नगरपालिकाले पञ्चायतकै समयदेखि आय/व्ययको हिसाब मासिक पत्रिकामा प्रकाशित गर्दै आएको छ। त्यतिबेला 'पञ्चायत' को नाममा प्रकाशित हुने यो पत्रिका हाल 'भक्तपुर' मासिकको नाममा प्रकाशन प्रचलन रहिआएको छ। यसको उदाहरणको रूपमा यहाँका कतिपय सम्पदा निर्माण स्थानीयकै आर्थिक सहयोगसहित बनेका छन्। इतिहासमा जोड्ने हो भने जतिसुकै पुँजी जम्मा भए पनि गुठीको हरेक भोजमा 'ल्हापं' (आफूले खाएबापत तिर्नुपर्ने रकम) तिरेरै खाने गर्छन्। आफ्नो गुठीको खेत वा अन्य आयस्रोतलाई आफैले दत्तस्वरूप राखेको पाटी, धाराजस्ता सम्पदा जीर्णोद्धारमा मात्रै खर्च गर्छन्। गुठी व्यवस्थाबाट सिक्नुपर्ने मूल पाठ भनेको श्रममा सामूहिक सहभागिता र जग्गा वा सार्वजनिक सम्पत्तिमा सामूहिक अधिकार हो।

### ५. दिगो विकासका लागि आत्मनिर्भरता

माथि भनेजस्तै नेवाहरूको प्रचलनमा आफ्नो सम्पदा आफै बनाउने, अझै सके मल्लकालमा त अन्य राज्यहरूमा समेत सम्पदा, सार्वजनिक पाटी, ढुङ्गेधाराहरू बनाइदिने प्रचलन थियो। यो जस्तै आफ्नो लागि आवश्यक खाद्य पदार्थदेखि लताकपडा र निर्माण सामग्री सबै नै आफै बनाउने प्रचलन थियो। गाँस, बास र कपासमा आत्मनिर्भर भएपछि बाँकी बचेकोले सम्पदाहरू निर्माण गर्न सकिने भयो। यसकै ज्वलन्त उदाहरण अहिलेसम्म पनि प्रत्येक नेवा बस्तीमा सार्वजनिक सम्पदाहरू प्रशस्तै पाइन्छन्। आफ्नो निम्ति त बनाउने भइहाल्यो, यसबाहेक पनि हरेक नगरमा एक गाउँ/सहर एक उद्यमशीलताको उदाहरणको केही अवशेष अहिले पनि देखिन्छन्। जस्तै : भक्तपुरको कालो टोपी र जुजुधौ/दही ( तस्बिर सं. ५), टोखाको चाकु, टिगनीको चिउरा र खोकनाको तोरीको तेल आदि।

अहिले जनसङ्ख्या बढ्दै गयो र परम्परागत कृषिमा आधारित उद्यमशिलतामा रुची घट्दै गइरहेको छ। नभए आफ्नै शैलीमा आधुनिकता थपेर उद्योग विकास र अन्य गाउँ/नगरमा पनि नयाँ उत्पादन थप्न सकेको भए अहिले विदेशीको भर पर्नै पर्दैनथ्यो। भनपाले परिवर्तन गर्नलाई संस्थागत प्रयासमा कमी नै देखिन्छ। आत्मनिर्भरताकै सवालमा भनपाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सर्वसहितका सहयोगलाई भने निरुत्साहित गर्दै आएको छ। यसले गर्दा आफ्नो ठाउँ आफै बनाउँ भन्ने भावना भक्तपुरबासीमा विकास हुँदै आएको छ।

### समस्या र सुधार्न सकिने पाटोहरू

यति धेरै व्यवस्थित व्यवस्थापनबिच पनि स्थानीयहरूमाझ कहिलेकाहीँ एक दुइटा जनगुनासो सुन्नमा पाइन्छ। अहिले सबै ढलहरू खोलामै मिसिएर दुर्गन्धित अवस्थामा छ। भक्तपुर विकास परियोजनाको समयमा 'एक घर एक शौचालय' नारा लगाई अनुदान रकमसमेत दिएर घरघरमा शौचालय बनाइएको थियो। उनीहरूले त्यो ढल उपचार पोखरीमा जोडेर प्रशोधनपश्चात् खोलामा जोड्ने भनी स्थान पनि छुट्याएको थियो। तर स्थानीयसँग सहकार्यमा कमी भएर हो कि उनीहरूले वर्षायामको खोलामा आउने पानीको भेल अनुमान गर्न सकेनन्। यसकारण, उपचार पोखरीको अवधारणा असफल भयो। अहिले भने विज्ञहरूको सल्लाहले आधुनिक शैलीमै ढल प्रशोधन गर्ने संरचना निर्माण भइरहेकोले यो समस्या चाँडै नै समाधान हुने अपेक्षा गर्न सकिन्छ।

नपाले गरेको आवास परियोजनामा केही विरोध सुनिन्छ। पीडितहरूको स्वरलाई बेवास्ता गर्न नहुनेमा दुईमत छैन। तर, निजी योजनाले नाफाजति व्यक्तिको खल्तीमा जाने र घरजग्गा व्यवसायीले नाफाको लागि बाटो नभएका जग्गाधनीलाई दु:ख दिने सर्वविदितै कुरा हो। साथै निजी घर जग्गा व्यवसायीले स-साना प्लटिङ मात्रै गर्ने भएकोले ठुलो परिणाम वा सहरी परिदृश्यको दृष्टिबाट हेर्दा पछि सहरको संरचना नै असुहाउँदो हुन जाने सम्भावना छ। नयाँ र पुराना जग्गा परियोजनामा सर्वसाधारणको अर्को समस्या भनेको डिजाइनमा हो। जता

बाँकी पृष्ठ ८ मा




# मोहियानी हक भएपछि किसानको आर्थिक स्तर वृद्धि

भक्तपुर, २४ माघ। नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा शनिबार भनपा वडा नं ७ चोर्चा क्षेत्रका कार्यकर्ता भेला भयो। भेलाले कृष्णगोविन्द खाइजूको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरेको छ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले नेमकिपाको आन्दोलनले भक्तपुरका किसानहरूलाई भूदासबाट मुक्त गरेको धारणा राख्नुभयो। भक्तपुरमा भूमिसुधारको ऐनअनुसार किसानलाई मोहियानी हक भएपछि किसानको आर्थिक स्तर वृद्धि भएको उहाँले स्पष्ट पार्नुभयो।

उहाँले नेमकिपाको शैक्षिक आन्दोलनको परिणामस्वरुप भक्तपुर शिक्षाको केन्द्र भएको चर्चा गर्नुभयो। उहाँले २०२८ मा भक्तपुरको साक्षरता २७ प्रतिशत थियो भने २०४८ सम्ममा ७४ प्रतिशत पुगको भन्दै अहिले ८७ प्रतिशत साक्षर हुनुमा पार्टीको अगुवाइमा भएका साक्षरता कक्षा, रात्रि कक्षाको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका सदस्य नारायणप्रसाद त्वानाबासु, नेमकिपा, चोर्चा समितिका अध्यक्ष कृष्णगोविन्द खाइजू, उपाध्यक्ष विष्णुराम दुमरू, सहसचिव रुद्रनारायण लाखा, चन्द्रप्रसाद दुमरुलगायतले मन्तव्य राख्नुभएको थियो।

# नयाँ पुस्तालाई शिक्षित पार्नुपर्ने

भक्तपुर, २४ माघ। भ.न.पा.४ दुमलाचा युवा बचत समूहको आयोजनामा शनिबार देशको समसामयिक तथा आसन्न निर्वाचनबारे छलफल कार्यक्रम भयो।

नेमकिपा भजिसका उपेन्द्र सुवालले नेमकिपाले असल चरित्रवान् व्यक्तिहरूलाई आसन्न निर्वाचनमा जनताका उम्मेदवारका रूपमा जिल्ला-जिल्लामा उठाएको जानकारी गराउँदै सिद्धान्त र नीतिको कारण पार्टीले देशको कम्युनिस्ट आन्दोलनमा प्रकाशस्तम्भको काम गरिरहेको बताउनुभयो।

समाजवाद हुँदै साम्यवादी आदर्श समाजमा पुग्ने लक्ष्य लिएको पार्टीका अग्रज नेता कार्यकर्ताहरूले देश र जनताको निम्ति नि:स्वार्थरूपमा गर्दै आइरहेको कामलाई स्मरण गर्दै उहाँले नयाँ पुस्तालाई शिक्षित पार्नुपर्ने कर्तव्य पूरा गर्न लाग्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

समाज शोषक र शोषित दुई वर्गमा विभाजित रहेको चर्चा गर्दै उहाँले गरिब कामदारवर्गको प्रतिनिधित्व गर्ने समाजवादी व्यवस्था ल्याउन नसकुन्जेल न्याय र समानतामा आधारित आदर्श समाज स्थापना गर्न नसकिने तर्क प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य र रोजगारीलगायतका आधारभूत आवश्यकता पूरा गर्नु राज्यको दायित्व हो भन्नुभयो।

नेमकिपा बोलाछेँका इन्चार्ज एच.एस.सुवालले शिक्षा, स्थास्थ्य, सरसफाइमा अग्रज नेता कार्यकर्ताहरूले गरेको योगदानबारे नयाँ पुस्तालाई बताउनुपर्ने आवश्यकता रहेको चर्चा गर्दै निर्वाचनमा देश र जनताको निम्ति नि:स्वार्थ, इमानदार, सक्षम तथा देशभक्त उम्मेदवारहरूलाई अत्यधिक मत दिई जिताउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

संस्थापक अध्यक्ष एवं सल्लाहकार राजेन्द्र माकले सस्तो प्रचारबाजीले मात्रै चुनावमा मत लिन खोज्नु गलत प्रवृत्ति भएको बताउँदै समाज विकासमा गरेको त्याग, बलिदान र योगदानलाई बुझेर जनताका सच्चा उम्मेदवारलाई मत दिनु हरेक देशभक्त मतदाताको कर्तव्य हो भन्नुभयो।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भजिसका सचिव सुजी ह्योंगजूले नयाँ पुस्ताले सामाजिक सञ्जाल प्रयोगमा चनाखो र सजग हुनुपर्ने आवश्यकतामाथि जोड दिँदै साम्राज्यवादीहरूले मेडियामार्फत नयाँ पुस्तालाई भ्रमित पार्ने एल्गोरिडम बनाई देशलाई डिजिटल उपनिवेश बनाउन सक्ने सम्भावनाबारे सचेत हुन आग्रह गर्नुभयो।

व्यावहारिक संस्कार सिकाउन र पठन संस्कृतिको विकासमा पार्टीको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उहाँले भदौ २३ र २४ को जेन-जी क्रान्ति नभई अमेरिकी साम्राज्यवादी संस्था NED र IRI मार्फत गराइएको विध्वंस हो भन्नुभयो।

दुमलाचा युवा बचत समूहका अध्यक्ष राधेश्याम सैंजूको सभापतित्वमा भएको उक्त कार्यक्रममा आयोजक समितिका उपाध्यक्ष पूर्णचन्द्र जाकिबन्जार, सचिव दीपक जाकिबन्जारलगायतले बोल्नुभयो।

***पद...***

आवाज उठाउने पार्टी नेमकिपा भएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "आज पनि दक्षिणी सिमानामा अतिक्रमण उस्तै छ। देशको अर्थतन्त्र, सम्पत्ति, खोलानाला, कलकारखाना भारतलाई सुम्पने शासक दलसँग पनि हामीले लामो सङ्घर्ष गर्‍यौँ।"

उहाँले भन्नुभयो, "नेमकिपाको इतिहास साम्राज्यवादविरोधी सङ्घर्षको इतिहास पनि हो। आज साम्राज्यवादी शक्तिले नेपालमा पनि उपद्रो गर्दै छ। एमसीसीको र एसपीपी सम्झौता देशघाती भएकोले नेमकिपाले यसको विरोध गरेको हो। भदौ २३-२४ को विध्वंश भएको पुष्टि हुँदै छ।"

उहाँले भन्नुभयो, "नेमकिपा संसारको कुनै पनि कुनामा भएको अन्याय, युद्ध, हमलाको विरोध गर्छ। नेपाललाई नेपाली लेण्डुप दोर्जे र जेलेन्स्कीहरूबाट जोगाउन नेमकिपा लडिरहन्छ।"

नेमकिपाको परिचय नै सिद्धान्तनिष्ठता, राजनीतिक संस्कार, राजनीतिक नैतिकता, देशभक्तिको भावना र इमानदारी रहेको उहाँले बताउनुभयो।

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि गंगाराम ज्याख्वले नेमकिपाले किसान आन्दोलन, भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन तथा साम्राज्यवाद र विस्तारवादविरूद्ध निरन्तर सङ्घर्ष गरिरहेको उल्लेख गर्दै कामदारवर्गको शासन ल्याउन जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्नुपर्ने बताउनुभयो।

कम्युनिस्ट नामधारी दलहरूले कम्युनिस्टको सिद्धान्त र विचारविपरीत पुँजीपतिवर्गको पक्षमा काम गरेको उल्लेख गर्दै उहाँले पुँजीपतिवर्गको दबाब र अन्यायविरूद्ध एकजुत भएर आवाज उठाउनुपर्ने बताउनुभयो।

प्रतियोगिता निर्णायकमण्डलका संयोजक चन्द्रबहादुर उलकले राजामहाराजा, देवीदेवता, मायाप्रेमसम्बन्धी गीतहरू प्रगतिशील गीत नभएको उल्लेख गर्दै कामगरी खाने वर्गको वास्तविक पीडा र सङ्घर्षलाई लक्षित गरी बनाएका गीतहरू नै प्रगतिशील गीत/साहित्य भएको बताउनुभयो।

उहाँले संसारमा धनी र गरिब दुई वर्गको शासन सत्ता हुने र गरिब जनताको सेवा गर्ने शासन ल्याउन नेमकिपा सङ्घर्षरत रहेको बताउनुभयो।

चन्द्रबहादुर उलक, दामोदर सुवाल, आशाकुमार चिकंबञ्जार, पूर्णबहादुर माक, बद्रीनारायण ताम्राकार, पुरूषोत्तम सुवाल र रमेश सुवालले प्रतियोगितामा निर्णायकमण्डलको भूमिका निर्वाह गर्नुभएको थियो।

२३ वटा टोलीले भाग लिएको सो प्रतियोगितामा वागीश्वरी मा. वि. भनपा ९ प्रथम, कमिचागल्ली दिदी बहिनी समूह भनपा ९ द्वितीय, जेन्युइन सेकेन्डरी स्कूल भनपा १० तृतीय र जैँला सांस्कृतिक समाज सान्त्वना हुन सफल भएको थियो।

प्रथम पुरस्कार राशी रु. १५ हजार, द्वितीय पुरस्कार राशी रु. १० हजार, तृतीय पुरस्कार राशी रु. ५ हजार र सान्त्वना पुरस्कार राशी रु. ३ हजार प्रदान गरिएको उक्त कार्यक्रममा सहभागी टोलीहरूलाई अतिथि सुरेन्द्रराज गोसाईले प्रमाणपत्र र मायाको चिनो प्रदान गर्नुभएको थियो।

नेमकिपा भनपा १० वडा समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा रामलक्ष्मी दुवाल, उद्धव कोण्डा र श्रीया पहिजुले पनि बोल्नुभएको थियो।

***इतिहास...***

गएपनि घर र बाटो मात्रै हुँदा आफ्नै घरको दिशा बताउन पनि समस्या परेको छ। यस्तो समस्या समाधानको लागि ख्वपको पुरानो बस्तीको संरचना अध्ययन गरी केही सिको गर्न सकिन्छ। तर, यसको लागि विज्ञहरूको सल्लाह र सुझाव आवश्यक छ।

यस्तै समस्याहरूमा धेरैले याद नगरेको तर पुरानो सहरी क्षेत्रको समग्र सुन्दरतामा असर गर्ने एक समस्या छ। माथि भनेजस्तो दाजुभाइको आपसी झगडा र भागबन्डामा ठाडो विभाजन गर्दा-गर्दा अहिले ३ देखि ४ फिटसम्मको मोहडा बाँकी भएका घरहरू पनि छन्। अर्को जनगुनासोमा सक्नेले सबै घर बनाएर अनुदानसमेत लिने तर नसक्नेले पूरा घर बनाउनै धौ धौ पर्ने भएकोले अनुदान लिन नपाउने भयो भन्ने पनि छ। आफ्नो पाँच दशकको सङ्घर्ष र अनुभव स्थानीय जनतालाई सुनाउँदै पुस्तान्तरण गर्दै जानुपर्छ। जसरी पञ्चायतको समयमा समेत जनतालाई सङ्गठित र सुशिक्षित पार्ने कठिन प्रयास गरेको थियो त्यसरी नै निरन्तर जनतामाझ बसैरै काम गर्नुपर्छ।

**निष्कर्ष**

अहिले चुनावको माहोल छ। हुन त यो प्रतिनिधिसभाको चुनाव हो। तैपनि चुनाव भनेपछि देश निर्माणदेखि बाटो निर्माणसम्मको कुरा आइहाल्छ। अन्तर्राष्ट्रिय सम्बन्धदेखि व्यक्तिको सम्बन्धसम्म उम्मेदवारमाथि प्रश्न उठ्ने गर्दछ। व्यक्तिको चेतनास्तरदेखि बोल्न नसक्नेहरूको समेत आवाज र निम्न वर्गको जीवनस्तर उकास्नेसम्म देशको नीति निर्माण र संविधान निर्माणमा जोडिनुपर्छ। त्यसकारण, यो 'ख्वप मोडेल' बाट सिकेर आ-आफ्नो नगर/गाउँपालिका सुहाँउदो तरिकाले लागु गर्न सकियो भने नेपालको सुनौलो भविष्य सुनिश्चित छ।

***(पेसाले आर्किटेक्ट तथा अर्वान डिजाइनर प्रजापति हाल नेपाली इतिहास, संस्कृति, पुरातत्त्व केन्द्रीय विभाग, त्रि.वि.मा विद्यावारिधि गर्दै छिन्।)***


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नगर शिक्षा शाखा

## कक्षा ५ को वार्षिक परीक्षा तालिका संशोधनसम्बन्धी सूचना

**प्रकाशित मिति २०८२।१०।२५ गते**

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत कक्षा ५ का विद्यार्थीहरूको भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने **कक्षा ५ को वार्षिक परीक्षा-२०८२** तपसिलबमोजिम सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षा कार्यतालिका**

**समय** : बिहान ११:०० बजेदेखि

| क्र.सं. | मिति | बार | विषय |
|---|---|---|---|
| १. | २०८२।१२।११ | बुधबार | नेपाली |
| २. | २०८२।१२।१२ | बिहीबार | गणित |
| ३. | २०८२।१२।१३ | शुक्रबार | अङ्ग्रेजी |
| ४. | २०८२।१२।१५ | आइतबार | विज्ञान तथा प्रविधि |
| ५. | २०८२।१२।१६ | सोमबार | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा |
| ६. | २०८२।१२।१७ | मङ्गलबार | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला |
| ७. | २०८२।१२।१८ | बुधबार | ख्वपको पहिचान |

(क) आधारभूत तहको पाठ्यक्रम २०७८ मा आधारित भई विशिष्टीकरण तालिकामा उल्लेख भएअनुसारका क्रियाकलापसहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरूको प्रयोगात्मक परीक्षा विद्यालय आफैले २०८२ फागुन मसान्तसम्म सञ्चालन गरी इमिसमा तोकिएको ढाँचामा २०८२।१२।१५ गतेभित्र प्रविष्टि गर्नुपर्नेछ। साथै सैद्धान्तिक परीक्षाको प्राप्ताङ्क विद्यालय स्तर एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस) मा २०८२ चैत २५ गतेभित्र प्रविष्टि गरिसक्नुपर्नेछ।

ख) विगत वर्षहरूमा जसरी यस वर्ष कक्षा ५ को लागि आवेदन फाराम भर्न नपर्ने।

ग) परीक्षाको प्रश्नपत्र नगरपालिकाले विद्यालयमा उपलब्ध गराउनेछ। विशेष कारणवस उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ।

**भक्तपुर नगरपालिका**
**शिक्षा शाखा**
**०१-६६१०११६**



## हार्दिक समवेदना



यस संस्थाका सदस्यता नं. २२३४ का सदस्य **बिमल बनमाला**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।


**जन्म** : २०५४।०७।२३
**निधन** : २०८२।१०।१४

**श्री श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.**
जैंला-८, भक्तपुर



## हार्दिक समवेदना

**जन्म**
**२००३।०४।०५**



**स्वर्गारोहण**
**२०८२।१०।१४**

हाम्रा आत्मीय मित्र गणेशमान ह्यौँमिखाका पूजनीय पिता **नाराँभक्त ह्यौँमिखा**को असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री गणेश युवा समूह गोल्मढीका साथीहरू**

| | | |
|---|---|---|
| कविन मूल | मङ्गलाल सितिखु | राजेन्द्र लागे |
| चन्द्रमान मचामसी (साइँला) | कृष्णलाल कारंजित | सुन्दर लागे |
| सुवास शिल्पकार | विष्णुप्रसाद लागे | जीवन लागे |
| राजेश लागे | जयराम ह्यौँमिखा | राजेश दुवाल |
| शुक्रसेन बासुकला | रामशङ्कर ह्यौँमिखा | बुद्धिराम कुसी |
| | रामसुन्दर कवां | |


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा